का.जि.प्र.का.द.नं. १००/०५९/६०
२१ असोज २०८३
बुधबार
7 October 2026
Wednesday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ई-पेपर हेर्नु

वर्ष २४, अंक २५८। पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

## देशभर स्क्रब टाइफस
# ७४ जिल्लामा १ हजार बढी संक्रमित



**काठमाडौं/मस-** नेपालमा स्क्रब टाइफस संक्रमितको संख्या एक हजार नाघेको छ। स्वास्थ्य सेवा विभागअन्तर्गतको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (इडिसिडी)का अनुसार हालसम्म ७४ जिल्लाका १ हजार २१० जनामा स्क्रब टाइफस संक्रमण पुष्टि भएको छ।

इडिसिडीका अनुसार पछिल्लो समय सबैभन्दा धेरै संक्रमित दाङमा देखिएका छन्। दाङमा मात्रै ६२८ जनामा स्क्रब टाइफस संक्रमण पुष्टि भएको छ।

त्यस्तै, स्याङ्जामा ५२५, बझाङमा ४५७, संखुवासभामा ४५६, पाल्पामा ४०३, धादिङमा ३६८ र सल्यानमा ३४२ जनामा संक्रमण देखिएको छ। यसैगरी बर्दियामा ३६८, दार्चुलामा ३२४ र गोरखामा ३२१ जनामा स्क्रब टाइफस संक्रमण पुष्टि भएको इडिसिडीले जनाएको छ।

स्क्रब टाइफसबाट बच्न झाडी, घाँस, खेतबारी तथा जंगल क्षेत्रमा जाँदा विशेष सावधानी अपनाउन इडिसिडीले आग्रह गरेको छ। यस्ता स्थानमा जाँदा पूरै शरीर ढाक्ने कपडा तथा लामो पृष्ठ २ मा

## कर्मचारीतन्त्रमा हलचल
# राजीनामा दिनेको ओइरो

साउन र भदौ महिनामा निजामती किताबखानामा २१० वटा राजीनामा दर्ता भएका थिए। असोज १ देखि १४ गतेसम्मको ९ कार्यदिनमा विभिन्न मन्त्रालयबाट स्वीकृत भएर थप ४०४ वटा राजीनामा किताबखानामा पुगेका छन्।

**सपना बोहरा/मध्यान्ह**
काठमाडौं, २० असोज

अर्थ मन्त्रालयअन्तर्गत कार्यरत दुई सहसचिव राजेन्द्रदेव पाण्डे र पदम श्रेष्ठले नियमित अवकाशको समय नपुग्दै राजीनामा बुझाए। सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका प्रमुख पाण्डे र आन्तरिक राजस्व विभागका उपमहानिर्देशक श्रेष्ठले अर्थसचिव घनश्याम उपाध्यायसमक्ष राजीनामा पेस गरे। पाण्डे आगामी फागुन १० गते र श्रेष्ठ जेठ १४ गते ५८ वर्ष पूरा गर्दै थिए। उनीहरूले त्यसअघि राजीनामा दिएका हुन्।

त्यसो त दुवै सहसचिव चालु आर्थिक वर्षभित्रै उमेरहदका कारण अनिवार्य अवकाशमा जानैपर्ने थियो। संघीय निजामती सेवा विधेयकमा प्रस्तावित अवकाश व्यवस्थाबारे कर्मचारी वृत्तमा बहस भइरहेका बेला उनीहरूको राजीनामा आएको हो। त्यस्तै सरकारका बहालवाला दुई सचिवहरूले राजीनामा दिए। सचिवहरू कमलप्रसाद पोखरेल र बाबुराम अधिकारीले साउन २० गते राजीनामा दिएका थिए। पोखरेल सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा सचिव थिए भने बाबुराम अधिकारी प्रधानमन्त्री पृष्ठ २ मा





उच्च तहका कर्मचारीले पछिल्लो समय राजीनामा दिनुको दुई कारण हुन सक्छन्। पहिलो पेन्सन सुविधा घट्न सक्ने आशंका र अर्को कारण आफूले गरेको भ्रष्टाचार लुकाउन हुन सक्छ।

**रामेश्वर खनाल**
पूर्वअर्थमन्त्री




## नेतृत्वका तीन आकांक्षी

# सभापतिमा गुरु–चेला पदाधिकारीमा 'हेभीवेट'

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २० असोज

नेपाली कांग्रेसको १५औं महाधिवेशनमा सभापति पदमा उम्मेदवारी दर्ता गराएका तीन नेताबीचको सम्बन्ध चर्चायोग्य बनेको छ। विशेष महाधिवेशनबाट सभापति बनेका गगन थापा, पूर्वसहमहामन्त्री किशोरसिंह राठोर र काठमाडौं क्षेत्र नम्बर ६ का महाधिवेशन प्रतिनिधि श्यामकृष्ण खड्गीबीच सभापतिमा प्रतिस्पर्धा हुने भएको हो।

सभापतिका लागि थापा, खड्गी र राठौरको उम्मेदवारी परेको निर्वाचन समितिका सदस्यसचिव राजु कटुवालले जानकारी दिए। समितिका अनुसार सबैभन्दा पहिले नेता खड्गीले उम्मेदवारी दर्ता गरेका थिए। उनीपछि बेलुकी साढे ६ बजेतिर थापाले सभापतिका लागि उम्मेदवारी दर्ता गराए। सभापति थापापछि मनोनयन दर्ता गर्दै नेता राठौरले 'बिनाप्रतिस्पर्धाले लोकतन्त्र कमजोर हुने' प्रतिक्रिया दिएका छन्।

सभापतिको प्रतिस्पर्धामा आएका तीन नेताबीचको सम्बन्ध गज्जबको रहेको छ। गगन थापासँग प्रतिस्पर्धामा आएका खड्गीले सिद्धार्थ वनस्थली विद्यालयमा उनै थापालाई कक्षा ९ र १० मा पढाएको दाबी गरेका छन्।

सभापतिको अर्का आकांक्षीका रूपमा किशोरसिंह राठौर पनि गगन पढेकै त्रिचन्द्र क्याम्पस पढेका हुन्। गगनभन्दा अघि नेपाल विद्यार्थी संघको राजनीतिमा होमिएका राठौरले नेविसंघको पूर्वकेन्द्रीय अध्यक्ष हुँदै पार्टीको विभिन्न संरचनामा बसेर काम गरे। ०२७९ मा बाँकेबाट निर्वाचित सांसद समेत रहेका राठौर १४औं महाधिवेशनमा सहमहामन्त्री पृष्ठ २ मा



## विश्वप्रकाश र पुष्पा निर्विरोध



वरिष्ठ र महिला उपसभापति निर्विरोध भएका छन्। पार्टीको नयाँ व्यवस्था गरिएका यी दुवै पदमा एक-एकजनाले मात्रै उम्मेदवारी दिएका हुन्। वरिष्ठ उपसभापतिमा विशेष महाधिवेशनबाट उपसभापति बनेका विश्वप्रकाश शर्माको मात्रै उम्मेदवारी परेको छ।

उनले कांग्रेसको इतिहासमै पहिलो वरिष्ठ उपसभापति बन्ने मौका पाए। त्यस्तै पहिलोपटक विधानमा व्यवस्था गरिएको महिला उपाध्यक्षमा विशेष महाधिवेशनबाट उपसभापति बनेकी पुष्पा भुसालको एकल उम्मेदवारी परेको छ। उनी कांग्रेसको पहिलो 'महिला उपसभापति' बन्न सफल भइन्। पार्टीको विधानमा थपिएका यी दुवै पदमा एकल उम्मेदवारी परेपछि निर्विरोध भए पनि निर्वाचन समितिले आधिकारिक घोषणा भने गरेको छैन।

# न्यायालयमा वरीयताको बिजोग

प्रधानन्यायाधीश नियुक्तिदेखि न्यायालयमा वरिष्ठताक्रमलाई पन्छाइएको भनेर प्रश्न उठेको छ। जसलाई बेवास्ता गर्दै फेरि वरीयता मिचेर न्यायपरिषद्ले सर्वोच्च अदालतमा रिक्त चारजना न्यायाधीशका लागि नाम सिफारिस गरेको छ।

**२४ वैशाख २०८३**
*चौथो वरीयताका न्यायाधीश मनोजकुमार शर्मा प्रधानन्यायाधीशमा सिफारिस*

**२६ वैशाख २०८३**
*वरिष्ठ न्यायाधीश सपना प्रधान मल्लद्वारा सार्वजनिक रूपमै असन्तुष्टि व्यक्त*

**५ जेठ २०८३**
*संसदीय समितिबाट शर्माको प्रधानन्यायाधीशमा अनुमोदन, सोही दिन नियुक्ति र शपथ*

**२० असोज २०८३**
*वरीयता मिचेर सर्वोच्च अदालतका लागि ४ न्यायाधीशको नाम सिफारिस*

**२० असोज २०८३**
*न्यायाधीश सिफारिसमा सपना प्रधान मल्ल र महेश नेपालको फरक मत*



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २० असोज

न्यायपरिषद्को बैठकले सर्वोच्च अदालतमा रिक्त चारजना न्यायाधीशका लागि नाम सिफारिस गर्‍यो। जसमा वरीयता मिचिएको भनेर न्यायपरिषद् सदस्य सपना प्रधान मल्ल र महेश नेपालले फरक मत राखे।

न्यायपरिषद् सचिवालयका अनुसार उच्च अदालतका न्यायाधीशमध्येबाट न्यायाधीश सिफारिस गरिएको छ। कानुन व्यवसायीबाट यसपटक सर्वोच्चमा न्यायाधीश परेनन्। परिषद्ले उच्च अदालत पोखराका मुख्य न्यायाधीश रत्नबहादुर बागचन्दलाई सर्वोच्चको न्यायाधीशमा सिफारिस गरेको छ। मुख्य न्यायाधीशबाट सिफारिसमा परेका उनी मात्रै हुन्।

बागचन्दको सिफारिसमा प्रश्न उठेको छैन। तर त्यसपछि रहेका राजनप्रसाद भट्टराई, लालबहादुर कुँवर, हरिप्रसाद भण्डारी र राजेश्वर तिवारीलाई छाडिएको छ।

उनीहरूलाई छाडेर परिषद्ले अरू तीनजना भने वरीयता मिचेर सिफारिस गरेको हो। चन्द्रबहादुर सारु, जनक पाण्डे र गोकर्ण डाँगीलाई सर्वोच्चको न्यायाधीश बनाउन सिफारिस गरिएको छ।

गत वर्ष परिषद्ले निकालेको बुलेटिनअनुसार उच्च अदालतका न्यायाधीशमध्ये थारू पाँच नम्बर वरीयतामा छन् भने पाण्डे १३ र डाँगी १६ नम्बर वरीयताका न्यायाधीश हुन्। यसअघि जिल्लाबाट हिमलाल बेल्बासेलाई चार दिनका लागि मात्रै वरीयता मिचेर उच्च अदालतको न्यायाधीश सिफारिस गरिएको थियो।

परिषद्ले मुख्य न्यायाधीशहरूलाई पन्छाएर वरीयताको तल रहेका न्यायाधीशहरूलाई सर्वोच्च ल्याउन सिफारिस गरेको हो। पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# आधा दर्जन बढी व्यवसायी कांग्रेसको चुनावी मैदानमा

**मध्यान्ह संवाददाता**
काठमाडौं, २० असोज

नेपाली कांग्रेसको १५औं महाधिवेशनमा वैदेशिक रोजगार पृष्ठभूमिका आधा दर्जन बढी व्यवसायी कार्यसमितिका विभिन्न पदमा प्रतिस्पर्धा गर्ने तयारीमा छन्।

वर्तमान कार्यसमिति सदस्य अब्दुल सत्तार र तिलक रानाभाट, नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनका पूर्वअध्यक्ष किरणकिशोर घिमिरे, केही समयअघि व्यवसायबाट अलग भएको घोषणा गरेका ऋषि शर्मा, व्यवसायी ऋषिराम कँडेल, अभिनयमान सिंह बस्नेत र राजेश्वरकुमार राय अमात केन्द्रीय सदस्यका आकांक्षी रहेको बताइएको छ।

महाधिवेशनमा हाल एसोसिएसनमा आबद्ध १६ जना तथा विगतमा वैदेशिक रोजगार व्यवसायमा पृष्ठ २ मा



*तस्बिर : बायाँ माथिबाट क्रमशः सत्तार, रानाभाट, घिमिरे, शर्मा, कँडेल, बस्नेत र राय।*

## मलेसियाले १० हजार बंगलादेशी कामदार लैजाने

**तिलोचन गौतम/मध्यान्ह**
मलेसिया, २० असोज

बंगलादेशका श्रम तथा रोजगारमन्त्री आरिफुल हक चौधरीले मलेसियाले बंगलादेशबाट १० हजार श्रमिक लैजाने बताएका छन्। लामो समयदेखि मलेसियामा रोकिएको श्रमिक भर्ना प्रक्रिया सुरु गर्न पहिलोपटक १० हजार श्रमिक जान लागेको उनले बताएका छन्। मलेसियाली रोजगारदाताहरू आवश्यकता अनुसार कामदार छनोट गर्न बंगलादेश जान लागेका छन्। उनीहरूले प्रशिक्षित र दक्ष श्रमिक छनोट पृष्ठ २ मा

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

२१ असोज २०८३ बुधबार
7 October 2026 Wednesday

# झलनाथले सुरु गरे छुट्टै अभियान, प्रचण्डले भने- रोकिनुस्

**मध्यान्ह संवाददाता**
काठमाडौं, २० असोज

नेपाली कम्युनिस्ट पार्टीका सम्मानित नेता झलनाथ खनालले छुट्टै 'समाजवादी जागरण अभियान' घोषणा गरेको भोलिपल्टै पार्टी संयोजक पुष्पकमल दाहाल प्रचण्डसँग भेटवार्ता गरेका छन् ।

मानभवनस्थित प्रचण्ड निवासमा भएको भेटवार्ता करिब डेढ घण्टा चलेको नेता खनालको सचिवालयले जनाएको छ ।

भेटमा नेता खनालले आफूले घोषणा गरेको अभियानको उद्देश्य र आगामी कार्यक्रमबारे प्रचण्डलाई जानकारी गराएका थिए ।

खनालले वामपन्थी शक्तिहरूबीचको वैचारिक बहसलाई अघि बढाउने, छरिएर रहेका कम्युनिस्ट शक्तिहरूलाई वैचारिक आधारमा एकताबद्ध गर्ने र वामपन्थी एकतालाई थप सुदृढ बनाउने उद्देश्यले अभियान सुरु गरेको बताएका छन् ।

तर, छुट्टै अभियान घोषणा गरेको




भोलिपल्ट भएको भेटमा प्रचण्डले भने तत्कालै अभियान अघि नबढाउन आग्रह गरेको जनाइएको छ ।

प्रचण्डले खनालले अघि सारेको अभियानलाई सकारात्मक रूपमा लिएको बताउँदै पार्टीभित्रै रहेर वामपन्थी एकता र वैचारिक बहसलाई अघि बढाउन सकिने धारणा राखेका थिए ।

खनालले भने आफू नेपाली कम्युनिस्ट पार्टीमै प्रतिबद्ध रहेको बताएका छन् । आफू पार्टीबाट बाहिरिएर नयाँ राजनीतिक शक्ति निर्माण गर्न लागेको भन्ने आशयका विभिन्न सूचना बाहिर आएको भन्दै उनले त्यसमा सत्यता नरहेको बताएका छन् । प्रति दुःख व्यक्त गरेका थिए ।

अघिल्लो दिन अभियान घोषणा गर्दा खनालले नेपाली कम्युनिस्ट आन्दोलनलाई नयाँ वैचारिक बहस आवश्यक रहेको बताएका थिए । छरिएर रहेका कम्युनिस्ट शक्तिहरूलाई एक ठाउँमा ल्याउने र समाजवादी दिशामा अघि बढ्ने उद्देश्यसहित अभियान सुरु गरिएको उनको भनाइ थियो ।

त्यसको भोलिपल्टै प्रचण्डसँग भएको भेटले भने खनालको अभियानलाई लिएर नेकपाभित्रै छलफल सुरु भएको देखिएको छ ।

भेटमा पछिल्लो राजनीतिक घटनाक्रम, समसामयिक राजनीतिक विषय तथा सरकारका कामकारबाहीबारे पनि छलफल भएको थियो ।

खनाल लामो समयदेखि नेपालको कम्युनिस्ट आन्दोलनमा सक्रिय नेता हुन् । पछिल्लो समय कम्युनिस्ट आन्दोलनको वैचारिक दिशा, पार्टी सञ्चालनको शैली र वामपन्थी शक्तिबीचको एकताको विषयमा उनले बहस अघि बढाउँदै आएका छन् ।

# एमालेमा असन्तुष्टिलाई 'कटअफ'

**काठमाडौं/मस-** नेकपा एमालेले असोज ५ देखि ८ गतेसम्म बसेको केन्द्रीय कमिटी बैठकलाई पार्टीभित्र अनुशासन पुनर्स्थापनाको 'कटअफ बैठक' मानेको छ । बैठकका निर्णय समेटेर अध्यक्ष केपी शर्मा ओलीले जारी गरेको अन्तरपार्टी निर्देशन (अपानी-३) ले अब पार्टीको नीति, निर्णय र नेतृत्वविरुद्ध सार्वजनिक आलोचना गर्ने नेता-कार्यकर्तामाथि कारबाहीको बाटो खोलेको छ ।

अपानीमा विगतका गतिविधिलाई तत्काल कारबाहीको आधार नबनाउने, तर केन्द्रीय कमिटीको पछिल्लो बैठकपछि हुने गतिविधिलाई नयाँ मापदण्डका रूपमा लिने भएको छ । 'आजसम्म जो-जसले जे-जे बोल्नुभयो वा जेसुकै गर्नुभयो, आजसम्मको छाडिदिने । केन्द्रीय कमिटीको चालू बैठकलाई कटअफ बैठक मान्ने,' अपानीमा भनिएको छ ।

अब पार्टी नीति, निर्णय र नेतृत्वविरुद्ध सार्वजनिक आलोचना, विरोध, निन्दा वा अपमान गर्ने, गुटबन्दी गर्ने अथवा अराजक र अनुशासनहीन गतिविधि गर्नेहरूलाई स्पष्टीकरण सोधेर कारबाही गरिनेछ । त्यस्तो कारबाहीको अधिकार संगठन विभागलाई दिने निर्णय गरिएको छ । केन्द्रीय अनुशासन आयोगलाई पनि सक्रिय बनाउने र आवश्यक परे केन्द्रीय कमिटीले बाधा-अड्काउ फुकाएर सहयोग गर्ने उल्लेख छ ।

यो निर्देशन चुनावी पराजयपछि पार्टीभित्र उठेको नेतृत्व पुनर्गठनको बहससँग पनि जोडिएको छ । निर्वाचन परिणामको नैतिक जिम्मेवारी अध्यक्ष ओलीले स्वीकार गरे पनि त्यसलाई नेतृत्व छाड्ने आधारका



रूपमा अपानीले व्याख्या गरेको छैन ।

'जिम्मेवारी स्वीकार गर्नु र मैदान छोडेर भाग्नु एउटै कुरा होइन,' ओलीले भनेका छन् । निर्वाचन पराजयलाई एक व्यक्तिको कमजोरीभन्दा बहुकारणीय घटनाका रूपमा व्याख्या गर्दै अपानीले संगठन जनतासम्म पुग्न नसक्नु, युवासँगको सम्बन्ध कमजोर हुनु, पार्टी संरचना भारी हुनु, उम्मेदवार छनोट, स्थानीय नेतृत्वसँगको दूरी र पार्टीको विचार नयाँ पुस्तासम्म पुऱ्याउन नसक्नुसहित १० कारण औंल्याएको छ ।

पछिल्लो अपानीले एमालेमा दुई सन्देश एकैपटक दिएको छ- चुनावी पराजयको समीक्षा र संगठन सुधार अघि बढाउने । तर त्यस क्रममा नेतृत्वविरुद्ध सार्वजनिक असन्तुष्टि वा गुटबन्दीलाई भने अब अनुशासनको दायरामा ल्याउने । यससँगै पार्टीले संगठन सुधार र आगामी निर्वाचनको तयारीलाई अघि बढाउने कार्यभार तोकेको छ । तर नेतृत्वको सार्वजनिक आलोचना र गुटबन्दीलाई भने अब अनुशासनको विषय बनाउने सन्देश दिएको छ ।

### तोकियो विद्या भण्डारीको जिम्मेवारी

अपानीमार्फत एमालेले पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको पार्टीभित्रको औपचारिक भूमिका पनि स्पष्ट गरेको छ । केन्द्रीय कमिटीबाट वरिष्ठ नेता चयन भएकी भण्डारी अध्यक्षपछिको दोस्रो वरीयतामा रहनेछिन् ।

उनले केन्द्रीय कमिटी, पोलिटब्युरो, स्थायी कमिटी र सचिवालयका बैठकमा सहभागी हुन पाउनेछिन् । अध्यक्षलाई सहयोग गर्ने, पार्टीलाई सही र समयोचित निर्णय गर्न योगदान गर्ने तथा पार्टीको सिद्धान्त, कार्यक्रम, नीति र प्रतिष्ठाको पक्षपोषण गर्ने जिम्मेवारी पनि उनलाई दिइएको छ ।

भण्डारीको भूमिकासम्बन्धी निर्णय आगामी विधान महाधिवेशनबाट अनुमोदनका लागि प्रस्तुत गरिने एमालेले जनाएको छ । अपानीमा उनको जिम्मेवारी पार्टी विधानको धारा १०५ को बाधा-अड्काउ फुकाउने व्यवस्था र धारा १३९(क) प्रयोग गरेर तय गरिएको उल्लेख छ ।

## ७४ जिल्लामा...

बाहुला भएको लुगा लगाउन र सम्भव भएसम्म गमबुट वा जुत्ता प्रयोग गर्न सुझाव दिइएको छ ।

खेतबारीमा काम गरेपछि वा घाँस-दाउरा गरेर फर्किएपछि सकेसम्म तत्कालै लुगा फेरेर नुहाउन पनि इडिसिडीले अनुरोध गरेको छ । लगाएका कपडा मनतातो पानी र साबुनले धोएमा समेत संक्रमणको जोखिम कम गर्न सकिने जनाइएको छ ।

इडिसिडीले घर वरिपरि मुसाको बासस्थान रहेको ठाउँ पहिचान गरी नष्ट गर्न तथा घर आसपासका घाँस र झाडी सफा राख्न आग्रह गरेको छ । सम्भव भएमा कीटनाशक वा किरा भगाउने रिपेलेन्ट प्रयोग गर्नसमेत सुझाव दिइएको छ ।

स्क्रब टाइफस संक्रमण हुँदा विशेषगरी ज्वरो आउने, टाउको दुख्ने, गिर्खा आउने, खान मन नलाग्ने, खोकी लाग्ने, निमोनिया हुने तथा शरीर दुख्नेजस्ता लक्षण देखिन सक्छन् ।

## कर्मचारीतन्त्रमा...

तथा मन्त्रिपरिषद् कार्यालयमा कार्यरत थिए । निजामती किताबखानाको अभिलेखअनुसार, ४ भदौमा अवकाश हुन लागेका सचिव अधिकारीले एक साताअघि राजीनामा दिएका हुन् । अर्का सचिव पोखरेल भने २३ भदौ २०८४ सम्म पदमा बहाल रहन पाउँथे । तर, उनले पनि अवकाशअघि नै राजीनामा दिएका हुन् । साउन २७ गते सरकारले बहालवाला दुई सचिवहरूको राजीनामा स्वीकृत गऱ्यो । मन्त्रिपरिषद्को बैठकले सचिवहरू कमलप्रसाद पोखरेल र बाबुराम अधिकारीको राजीनामा स्वीकृत गरेको थियो । मन्त्रिपरिषद्ले राजीनामा स्वीकृत गरेसँगै सचिवहरूले राजीनामा गरेको विवरण सार्वजनिक भएको हो ।

नेपालमा हालैका दिनहरूमा जागिर छाड्ने (राजीनामा दिने) सरकारी कर्मचारीको संख्यामा ठुलो वृद्धि भएको छ । राष्ट्रिय किताबखाना (निजामती)को पछिल्लो तथ्यांकअनुसार चालू आर्थिक वर्षको साउन १ देखि असोज १४ गते सम्ममा मात्रै कुल ६१४ जना निजामती कर्मचारीले राजीनामा दिएका छन् ।

निजामती किताबखानामा दर्ता भएको विवरणअनुसार राजीनामा दिनेमा चारजना सचिव तहका कर्मचारी छन् । त्यस्तै, ११ सहसचिव, १०८ उपसचिव, १२६ शाखा अधिकृत तथा ११८ नायब सुब्बा र खरिदार रहेका छन् । यसैगरी, कार्यालय सहयोगी तथा अन्य श्रेणीविहीन १६३ कर्मचारीले पनि सेवा छाडेका छन् ।

पछिल्लो तथ्यांकले निजामती सेवामा लामो समयदेखि कार्यरत कर्मचारीसमेत स्वैच्छिक रूपमा सेवा छाड्ने क्रम बढिरहेको देखाएको छ ।

**निजामती सेवा विधेयकको हलचल**

सबैभन्दा गम्भीर पक्ष भनेको सचिव र सहसचिव तहका कर्मचारीको बहिर्गमन हो । सचिव र सहसचिव निजामती प्रशासनको नेतृत्वदायी तहमा रहेर नीति निर्माणदेखि सरकारका निर्णय कार्यान्वयनसम्म प्रत्यक्ष संलग्न हुन्छन् । उनीहरूले सेवा अवधि पूरा नगरी राजीनामा दिँदा वर्षौंको प्रशासनिक अनुभव र संस्थागत ज्ञानसमेत बाहिरिने अवस्था बनेको छ ।

पछिल्लो समय राजीनामा दिने केही उच्च तहका कर्मचारीले प्रस्तावित संघीय निजामती सेवा विधेयकमा रहेको अवकाशसम्बन्धी व्यवस्थाका कारण पनि निर्णय लिनुपरेको बताएका छन् । विधेयकमा एकपटकका लागि ३० वर्ष सेवा अवधि पूरा गरेका वा ५५ वर्ष उमेर पुगेका कर्मचारीलाई अनिवार्य अवकाश दिने व्यवस्था प्रस्ताव गरिएको छ । यसले सेवा अवधि, पेन्सन र भविष्यको सुविधाबारे कर्मचारीमा अन्योल बढाएको छ ।

निजामती सेवाबाट राजीनामा दिने क्रम पछिल्लो समय तीव्र बनेको देखिन्छ । साउन र भदौ महिनामा मात्रै निजामती किताबखानामा २१० वटा राजीनामा दर्ता भएका थिए । त्यस्तै असोज १ देखि १४ गतेसम्मको नौ कार्यदिनमा विभिन्न मन्त्रालयबाट स्वीकृत भएर थप ४०४ वटा राजीनामा किताबखानामा पुगेका छन् । यसले कर्मचारीमा स्वैच्छिक अवकाश लिने क्रम पछिल्लो समय झनै बढेको देखाएको छ । सरकारले नयाँ निजामती सेवा ऐन ल्याउने तयारीसँगै एकपटकका लागि ठुलो संख्यामा कर्मचारीलाई अवकाश दिने गरी ३० वर्षे सेवा अवधि र ५५ वर्षे उमेर हदसम्बन्धी व्यवस्था अघि सारेपछि गत जेठदेखि नै राजीनामा दिने क्रम बढेको थियो । निजामती सेवा विधेयक असोज १५ गते संसद्मा दर्ता भएको थियो । विधेयक दर्ता भएपछि कर्मचारीले राजीनामा दिने क्रम थप बढेको बताइएको छ ।

प्रस्तावित व्यवस्थाका कारण भविष्यमा अवकाश तथा पेन्सन सुविधामा असर पर्न सक्ने आकलन गर्दै कतिपय कर्मचारीले विधेयक कार्यान्वयनमा आउनुअघि नै सेवाबाट बाहिरिने निर्णय गरेको देखिन्छ । असोज १५ गते प्रतिनिधिसभामा दर्ता भएको विधेयकमा ऐन प्रारम्भ हुँदाका कर्मचारीका लागि ५५ वर्ष उमेर वा ३० वर्ष सेवा अवधिसँग सम्बन्धित अवकाश व्यवस्था प्रस्ताव गरिएको छ । यो प्रस्ताव हाल कार्यान्वयनमा आएको कानुनी व्यवस्था भने होइन ।

**विधेयकले बढायो अन्योल**

असोज १५ गते सरकारले प्रतिनिधिसभामा दर्ता गरेको संघीय निजामती सेवा विधेयक, २०८३ ले कर्मचारीतन्त्रमा थप हलचल ल्याएको छ । विधेयकमा सामान्यतया ६० वर्षमा अनिवार्य अवकाश हुने व्यवस्था छ । तर कानुन लागू हुँदाका बखत सेवामा रहेका कर्मचारीले ५५ वर्ष उमेर वा ३० वर्ष सेवा अवधि पूरा गरेमा अनिवार्य अवकाश लिनुपर्ने संक्रमणकालीन व्यवस्था प्रस्ताव गरिएको छ । त्यस्तै पेन्सन पाउन कम्तीमा २० वर्ष सेवा गरेको हुनुपर्ने, तर गणना बढीमा ३० वर्षसम्मको मात्र हुने, ५५ वर्षमै अवकाश पाउनेलाई निवृत्तिभरणका लागि बढीमा तीन वर्षसम्म सेवा अवधि थपिने, विशिष्ट श्रेणीको चौधौं तहको पदावधि दुई वर्ष र तेह्रौं तहको तीन वर्ष हुने, कर्मचारीले राजनीतिक दलको सदस्यता लिन, राजनीतिक गतिविधिमा संलग्न हुन वा राजनीतिक पदका लागि उम्मेदवार बन्न नपाउने व्यवस्था गरिएको छ ।

पूर्वअर्थमन्त्री रामेश्वर खनाल उच्च तहका कर्मचारीले पछिल्लो समय राजीनामा दिनुको दुई कारण हुन सक्ने बताउँछन् । उनी भन्छन्, 'एउटा कारण पेन्सन, अर्को कारण आफूले गरेको भ्रष्टाचार लुकाउन हुन सक्छ । सरकारले विधेयकमार्फत ३० वर्षभन्दा बढीको सेवा अवधिको पेन्सन गणनामा नयाँ बन्देज लगाउन सक्ने वा पेन्सन सुविधा घट्न सक्ने आशंकामा कर्मचारीहरूले राजीनामा दिने गरेका हुन सक्छन्,' उनले भने, 'तर आफ्नो कार्यअवधिमा गरेको अनियमितताबाट बच्न पनि हुन सक्छ ।'

तर आफूले गरेको भ्रष्टाचारबाट बच्नका लागि हो भने जुनसुकै समयमा पनि सजायको भागिदार हुन सक्ने उनले बताए । 'अवकाशअघि नै राजीनामा दिएर भ्रष्टाचारबाट उम्किन पाइन्छ भन्ने सोच हो भने त्यो भ्रम हो,' उनले भने ।

## सभापतिमा...

भएका थिए । राठौरले कांग्रेसभित्रको विभाजन अन्त्य गर्दै पार्टीलाई एकताबद्ध बनाउन आफूले भूमिका खेल्न सक्ने दाबी गरेका छन् । उनी शेरबहादुर देउवा समूहबाट सहमहामन्त्री हुँदा गगन थापा डा.शेखर कोइरालाको टिमबाट उत्कृष्ट मतका साथ महामन्त्रीमा विजयी भएका थिए । महामन्त्री कार्यकालको उत्तरार्धमा विशेष महाधिवेशनको नेतृत्व गर्दै थापा गत पुसमा सभापति बने । उनी सभापति बनेपछि राठौर विशेष महाधिवेशनको वैधानिकतामाथि प्रश्न उठाउँदै अदालतसम्म पुगेका थिए । तर गत फागुनको प्रतिनिधिसभा सदस्य निर्वाचनमा गगन थापाबाटै टिकट लिएर चुनाव लडेयता थापालाई सभापति स्वीकार गरेर देउवा समूहबाटै अलग भएका थिए । राजनीति सुरुवातका हिसाबले गगन थापा राठौरभन्दा जुनियर भए पनि अहिले थापा पार्टीको करिब निर्विकल्प नेताका रूपमा उदाएका छन् ।

थापामा बढ्दो नेतृत्व क्षमता, समयानुकूल बदलिँदो राजनीतिक अवस्था, परिवेशसँगै थापा पार्टीको मूल नेतृत्वमा आएका हुन् । आगामी चारवर्षे कार्यकालका लागि पनि थापाको पक्षमा पल्लाभारी देखिन्छ । यद्यपि उनलाई सर्वसम्मत हुनबाट रोक्दै नेता राठौरले पनि आफूलाई बलियो दाबेदारका रूपमा प्रस्तुत गरेका छन् । सर्वसम्मत सभापति बन्ने गगनको चाहनाअनुसार लामो समय आन्तरिक छलफल भए पनि थापालसँग प्रतिस्पर्धा गर्न राठोर र श्यामकृष्ण अघि बढेका हुन् । कांग्रेसका हाई प्रोफाइल नेता थापासँग सभापतिमा भिड्न लागेपछि श्यामकृष्ण चर्चामा छन् । तारकेश्वर नगरपालिका २ का स्थायी बासिन्दा खड्गी कांग्रेसको महाधिवेशन प्रतिनिधि मात्र हुन् । उनी काठमाडौं ६ बाट महाधिवेशन प्रतिनिधि चयन भएका थिए ।

विशेष महाधिवेशनबाट पार्टीको नेतृत्वमा पुगेका थापाले नियमित महाधिवेशनबाट पनि सभापतिमा निरन्तरता दिन चाहेका छन् । विशेष महाधिवेशनबाट निर्विरोध सभापति भएका थापा त्यसअघि महामन्त्री थिए । १३औं महाधिवेशनमा महामन्त्रीमा पराजित उनी केन्द्रीय सदस्य मनोनीत भएका थिए । विद्यार्थी राजनीतिबाट कांग्रेसको मूल राजनीतिमा आएका थापा लामो समयदेखि पार्टीभित्र पुस्तान्तरण, संगठन सुधार र आन्तरिक लोकतन्त्रका विषय उठाउँदै आएका छन् । कांग्रेसको १५औं महाधिवेशनको बन्दसत्रले २५ पदाधिकारीसहित २९७ सदस्यीय केन्द्रीय कार्यसमिति बनाउने गरी विधान पारित गरेको छ ।

**पदाधिकारीमा 'हेभीवेट' प्रतिस्पर्धा**

१५औं महाधिवेशनमा उम्मेदवारी मनोनयन उत्साहपूर्ण देखियो । पार्टीको पदाधिकारीदेखि केन्द्रीय सदस्य सम्मको संख्या जम्बो छ । मंगलबार साँझसम्म आमआकांक्षीहरूले उम्मेदवारी दर्ता गराउँदै गर्दा महाधिवेशनस्थलमा रौनकता देखिएको हो । कांग्रेसले यसपटक विधानमै ३५ वर्षमुनिका युवाहरूको सहभागितालाई सुनिश्चित गरेपछि उनीहरूदेखि बर्सौं पार्टीको केन्द्रीय तहमा बसेर काम गरेकाहरूको सक्रियता देखिएको छ । सभातिमा प्रतिस्पर्धा कमजोर देखिन्छ । तर पदाधिकारीमा भने हेभीवेट नेताबीच कडा प्रतिस्पर्धा हुने भएको छ । सभापतिमा तीनजना, वरिष्ठ उपसभापति र महिला उपसभापतिमा एक-एकजना, खुला उपसभापतिमा नौजना, समावेशी उपसभापतिमा पाँच, खुला महामन्त्रीमा आठजना र महिला महामन्त्रीमा तीनजनाको उम्मेदवारी परेको छ । त्यस्तै, सहमहामन्त्रीमा ३८ जनाले उम्मेदवारी दिएका छन् ।

सभापतिमा तीनजनाको उम्मेदवारी परे पनि प्रतिस्पर्धा खासै रोचक छैन । तर उपसभापतिको प्रतिस्पर्धामा डा.चन्द्र भण्डारी, देवराज चालिसे, सुरेन्द्रराज पाण्डे, मधु आचार्य, डा.मीनेन्द्र रिजाल, दीपक गिरी, धनराज गुरुङ, गोविन्द भट्टराई र डा.चन्द्रमोहन यादव छन् । यीमध्ये दुईजना निर्वाचित हुने विधानमा व्यवस्था छ । चन्द्र भण्डारी गत १४औं महाधिवेशनमा उपसभापतिमा पराजित नेता हुन् भने धनराज १४औं महाधिवेशनबाट निर्वाचित उपसभापति हुन् । त्यस्तै, डा. मीनेन्द्र रिजाल गत महाधिवेशनमा महामन्त्रीका उम्मेदवार थिए । देवराज चालिसे हाल पार्टी प्रवक्ताको भूमिकामा छन् भने सुरेन्द्रराज पाण्डे गण्डकी प्रदेशका मुख्यमन्त्री हुन् । दीपक गिरी, डा. चन्द्रमोहन यादव र मधु आचार्य पटक-पटक केन्द्रीय समितिमा रहेर काम गर्दै आएका नेता हुन् । समावेशी उपसभापति एकजनाका लागि जीवन परियार, विनोद चौधरी, फर्मुल्लाह मन्सुर, सीता गुरुङ र रञ्जित कर्ण प्रतिस्पर्धामा छन् । जीवन परियार र फर्मुल्लाह मन्सुर १४औं महाधिवेशनबाट निर्वाचित सहमहामन्त्री हुन् भने व्यवसायी विनोद चौधरी, सीता गुरुङ र रञ्जित कर्ण विगतदेखि केन्द्रीय सदस्य थिए । गुरुङ पूर्वमन्त्री र कर्ण बहालवाला राष्ट्रिय सभा सदस्य हुन् ।

दुई खुला महामन्त्रीका लागि आठजनाले मनोनयन दर्ता गराएका छन् । विशेष महाधिवेशनबाट महामन्त्री बनेका प्रदीप पौडेल, गुरुराज घिमिरेसहित विशेष महाधिवेशनबाटै सहमहामन्त्री बनेका उदयशमशेर राणा उम्मेदवार छन् । त्यस्तै, लुम्बिनी प्रदेशका निर्वमान सभापति अमरसिंह पुन, पूर्वकेन्द्रीय सदस्य एवं नेविसंघका पूर्वअध्यक्ष नैनसिंह महर, मेडिकल व्यवसायी पूर्वकेन्द्रीय सदस्य तथा पूर्वसांसद डा. सुनील शर्मा, लेखक शंकर तिवारी र डा.सन्तोष उपाध्यायले उम्मेदवारी दिएका छन् । महामन्त्रीमा सबैभन्दा बढी रोचक प्रतिस्पर्धा हुने देखिएको छ । प्रदीप, गुरु, उदय, नैनसिंह र सुनीलबीचको प्रतिस्पर्धा निकै रोचक हुने नेताहरूले बताएका छन् । यी नेता कार्यकर्ताबीच लोकप्रिय छन् । उदयशमशेर राणा पार्टीको केन्द्रीय समितिमा लामो समयदेखि छन् । उनी अर्थराज्यमन्त्रीसमेत भएका नेता हुन् । निवर्तमान महामन्त्री प्रदीप पौडेल स्वास्थ्यमन्त्री भएर काम गरिसकेका नेता हुन् भने सुनील शर्मा सफल व्यवसायी हुन् । उनीसँग मतदातालाई सहजै तान्न सक्ने क्षमता रहेको कांग्रेसको केन्द्रीय नेताहरू बताउँछन् ।

एकजना महिला महामन्त्रीका लागि तीनजनाको भिडन्त हुने भएको छ । पूर्वसहमहामन्त्री डा. डिला संग्रौला, डिना उपाध्याय र रीता खनालले उम्मेदवारी दिएका हुन् । खनाल, नेतृत्वमा गगन आएपछि नेपाली कांग्रेस बिपीबाट कांग्रेसमा प्रवेश गरेकी हुन् । डा. डिला संग्रौला लामो समयदेखि केन्द्रीय समितिमा बसेर काम गर्दै विशेष महाधिवेशनबाट सहमहामन्त्री बनेकी नेतृ हुन् भने डिना उपाध्याय १४औं महाधिवेशनमा शेरबहादुर देउवा टिमबाट निर्वाचित सहमहामन्त्री हुन् । विशेष महाधिवेशनलाई बहिष्कार गर्दै देउवा समूहमै रहेर अदालतसम्म पुगेकी उनी महाधिवेशनको पूर्वसन्ध्यामा समायोजनमा आएर केन्द्रीय सदस्य भएकी नेता हुन् । डिला र डिनाको प्रतिस्पर्धा रोचक हुने आकलन छ ।

१५ जना सहमहामन्त्रीका लागी ३८ जनाले उम्मेदवारी दिएका छन् । जसमा खसआर्यतर्फ एक पदका लागि जगदीशनर सिंह केसी, मनोजमणि आचार्य र शुभराम बस्नेतको उम्मेदवारी परेको छ । आदिवासी जनजातितर्फ बहादुरसिंह लामा र तारामान गुरुङबीच प्रतिस्पर्धा हुने भएको छ । मधेसीतर्फ महेन्द्र यादव, अजय चौरसिया, नागिना यादव, किरण यादव, अभिषेकप्रताप साह, रामपल्टन साह, मनीषकुमार मिश्र र मुक्तकुमारी यादवले उम्मेदवारी दिएका छन् ।

दलित सहमहामन्त्रीको एक पदका लागि नरेन्द्र पासवान, प्रकाश रसाइली, लक्ष्मी परियार र मानबहादुर नेपाली चुनावी मैदानमा छन् । थारू सहमहामन्त्रीमा तेजुलाल चौधरी, योगेन्द्र चौधरी र सुरेन्द्रप्रसाद चौधरीले उम्मेदवारी दिएका छन् । अल्पसंख्यक तथा अपांगता समूहबाट नगेन्द्र कुमाल, योगेश गौचन र आंगेलु शेर्पाले उम्मेदवारी दिएका छन् ।

मुस्लिमतर्फको एक सहमहामन्त्री पदका लागि फिर्दोस आलम, अब्दुल सतार र अहतर कमल मुसालमानबीच प्रतिस्पर्धा हुने भएको छ । सहमहामन्त्री खुलातर्फ अमृत अर्याल, रामहरि खतिवडा, अजयबाबु शिवाकोटी, दिनेश कोइराला, विमलराज क्षेत्री, देवेन्द्रराज कँडेल र डिल्लीराम सुवेदीले उम्मेदवारी दिएका छन् । पिछडिएको क्षेत्रतर्फ पनि एक पदका लागि सातजनाको उम्मेदवारी परेको छ । कर्णबहादुर बुढा, जनकराज गिरी, मीन भाम, नारायणप्रसाद भट्टराई, राजन कुँवर, जीवनबहादुर विष्ट र रामबहादुर विष्टले उम्मेदवारी दिएका छन् । महिला सहमहामन्त्रीको एक पदका लागि नानु बस्तोला र प्रतिमा गौतमबीच प्रतिस्पर्धा हुने भएको छ ।

**पदाधिकारीमा परेका उम्मेदवारी**

*सभापति*
*गगनकुमार थापा*
*किशोरसिंह राठौर*
*श्यामकृष्ण खड्गी*
*वरिष्ठ उपसभापति*
*विश्वप्रकाश शर्मा*
*उपसभापति महिला*
*पुष्पा भुसाल*
*उपसभापति खुला*
*डा. चन्द्र भण्डारी*
*देवराज चालिसे*
*सुरेन्द्रराज पाण्डे*
*मधु आचार्य*
*डा. मीनेन्द्र रिजाल*
*दीपक गिरी*
*धनराज गुरुङ*
*गोविन्द भट्टराई*
*डा. चन्द्रमोहन यादव*
*समावेशी उपसभापति*
*जीवन परियार*
*विनोद चौधरी*
*फर्मुल्लाह मनसुर*
*सीता गुरुङ*
*रञ्जित कर्ण*
*खुला महामन्त्री*
*प्रदीप पौडेल*
*गुरुराज घिमिरे*
*उदयशमशेर राणा*
*अमरसिंह पुन*
*नैनसिंह महर*
*शंकर तिवारी*
*डा. सुनील शर्मा*
*डा. सन्तोष उपाध्याय*
*महामन्त्री महिला*
*डा. डिला संग्रौला*
*डिना उपाध्याय*
*रीता खनाल*

## न्यायालयमा...

वरीयता मिचिएको भनेर न्यायपरिषद्का दुईजना सदस्यले फरक मत राखेका हुन् ।

वरिष्ठ न्यायाधीश तथा न्यायपरिषद् सदस्य मल्लले सिफारिस गर्दा संविधान, कानुन र न्यायका मूल्यमान्यता, पारदर्शी तथा वस्तुपरक आधार, वरिष्ठता र समावेशितालाई पर्याप्त ध्यान नदिइएको भनेर फरक मत राखेका हुन् ।

नेपालले लिखित विमति राखेका छन् । उनले आफूले पहिलो र दोस्रो नाममा नभई तेस्रो र चौथो नाममा मात्रै प्रश्न उठाएको बताएका छन् ।

न्यायलयमा वरीयता मिचिएको यो पहिलोपटक भने होइन । प्रधानन्यायाधीश नियुक्तिदेखि न्यायालयमा वरिष्ठताक्रमलाई पन्छाइएको भनेर प्रश्न उठेको छ । जसलाई बेवास्ता गर्दै फेरि वरीयता मिचेर न्यायपरिषद्ले सर्वोच्च अदालतमा रिक्त चारजना न्यायाधीशका लागि नाम सिफारिस गरेको छ ।

२४ वैशाख २०८३ मा संवैधानिक परिषद्ले सर्वोच्च अदालतका चौथो वरीयताका न्यायाधीश मनोजकुमार शर्मालाई प्रधानन्यायाधीशमा सिफारिस गरेको थियो । उनीभन्दा वरिष्ठ सपना प्रधान मल्ल, कुमार रेग्मी र हरिप्रसाद फुयाललाई पन्छाएर शर्मालाई अघि सारिएको थियो । यो सर्वोच्चको न्यायिक इतिहासमा वरिष्ठतम न्यायाधीशलाई छाडेर प्रधानन्यायाधीश सिफारिस गरिएको पहिलो घटना भएको भन्दै प्रश्न उठ्यो ।

त्यतिबेला पनि निर्णयमा असहमति आएको थियो । प्रधानमन्त्री बालेन शाह नेतृत्वको संवैधानिक परिषद्मा राष्ट्रिय सभा अध्यक्ष नारायणप्रसाद दाहाल र प्रमुख प्रतिपक्षी दलका नेता भीष्मराज आङ्देम्बेले लिखित असहमति राखेका थिए । उनीहरूले वरिष्ठताको स्थापित अभ्यास पन्छाएर शर्मा सिफारिस गरिएकोमा प्रश्न उठाएका थिए ।

प्रधानन्यायाधीश नियुक्ति भने कानुनले अनिवार्य रूपमा वरिष्ठतम न्यायाधीश नै हुनुपर्ने भनेर लेखेको विषय होइन । संविधानले सर्वोच्च अदालतको न्यायाधीशका रूपमा कम्तीमा तीन वर्ष काम गरेको व्यक्तिलाई प्रधानन्यायाधीशका लागि योग्य मानेको छ । तर दशकौंदेखि वरिष्ठतम न्यायाधीशलाई प्रधानन्यायाधीश बनाउने अभ्यास भने स्थापित थियो । को वरिष्ठ छ, को कनिष्ठ छ भन्ने कुरा न्यायाधीशको व्यक्तिगत परिचय नभएर नियुक्ति र नेतृत्व चयनको आधार पनि हो । तर यस्तो अभ्यास र आधार तोडिएपछि विवाद भएको हो ।

यो विषयमा २६ वैशाख २०८३ मा वरिष्ठ न्यायाधीश सपना प्रधान मल्लले सार्वजनिक रूपमै असन्तुष्टि व्यक्त गरेकी थिइन् । तथापि, शर्माको संसदीय सुनुवाइ अघि बढ्यो । ५ जेठ २०८३ मा संसदीय समितिबाट शर्माको प्रधानन्यायाधीशमा अनुमोदन भयो । सोही दिन राष्ट्रपतिबाट नियुक्ति र शपथ खुवाइयो ।

त्यसको केही महिनापछि फेरि सर्वोच्चका न्यायाधीश सिफारिसमा वरिष्ठताक्रमको प्रश्न उठेको छ । वरिष्ठताक्रम मिचेर प्रधानन्यायाधीश बनेको आरोप खेप्दै आएका मनोजकुमार शर्मा नै अध्यक्ष रहेको न्यायपरिषद्ले वरीयता मिचेर अन्य चार न्यायाधीशको नाम सिफारिस गरेको हो ।

प्रधानन्यायाधीश अध्यक्षताको न्यायपरिषद्मा कानुनमन्त्री सोविता गौतम, वरिष्ठतम न्यायाधीश सपना प्रधान मल्ल तथा महेश नेपाल र दामोदर खड्का सदस्य छन् ।

## आधा...

जोडिएर छाडेका गरी ४० जना हाराहारीमा महाधिवेशन प्रतिनिधि रहेको एसोसिएसन सम्बद्ध स्रोतले बताएको छ । सत्तार गोरखा, रानाभाट कास्की, घिमिरे दाङ, शर्मा सुर्खेत, कँडेल बागलुङ र बस्नेत उदयपुरबाट महाधिवेशनमा भाग लिन प्रतिनिधि छानिएका हुन् । राय कांग्रेसको केन्द्रीय महाधिवेशन प्रतिनिधि हुन् । उनी अपाङ्गता समूहबाट केन्द्रीय सदस्य पदको उम्मेदवार बनेका हुन् ।

पुराना व्यवसायी तथा यसअघि केन्द्रीय सदस्य सतारले सहमहामन्त्रीमा उम्मेदवारी दिएका छन् । उनले मुस्लिम क्लस्टर तर्फबाट सहमहामन्त्रीमा उम्मेदवारीको घोषणा गरेका हुन् ।

यसैबीच, लोकतान्त्रिक एसोसिएसनबाट ३ जना महाधिवेशन प्रतिनिधि छनोट भएका छन् । कार्यवाहक अध्यक्ष सुवर्ण लामा, महासचिव सुमनराज पाण्डे र हिरादेवी बुढाथोकी महाधिवेशन प्रतिनिधि छनोट भएका छन् ।

यसअघि ५ वा ७ जना प्रतिनिधि पाउने चर्चा भए पनि अन्तिममा ३ जना मात्रै पठाउन पार्टीको पत्र प्राप्त भएपछि सर्वसम्मतिले ३ जना महाधिवेशन प्रतिनिधि छनोट गरिएको एसोसिएसनले जनाएको छ ।

## मलेसियाले ...

गर्ने बताएका छन् । मलेसियामा बंगलादेशका श्रमिक नेपाली श्रमिकका प्रतिस्पर्धी मानिन्छन् । बंगलादेशका प्रधानमन्त्री तथा मन्त्रीहरूले म्यानमारका मुस्लिम शरणार्थीलाई शरण दिएको मुस्लिम भाइचारा सम्बन्धलाई श्रम सम्बन्धमा जोडेर आफ्नो देशका श्रमिकको संख्या बढाउन निरन्तर लबिङ गरिरहेका छन् ।

मन्त्री चौधरीले मलेसियामा बंगलादेशका श्रमिकको माग बढ्दै जाँदा बंगलादेश ओभरसिज इम्प्लोइमेन्ट एन्ड सर्भिसेस लिमिटेड र अन्य म्यानपावर एजेन्सीमार्फत कामदार पठाइने बताएका छन् ।

मन्त्री चौधरीले मलेसियामा श्रमिक भर्नामा अनियमितता र सिन्डिकेट पहिलेका आरोपहरूको पुनरावृत्ति रोक्न सरकारले सावधानी अपनाएको बताए । उनले श्रमिक भर्नामा सिन्डिकेट र उनीहरूको उत्पीडनसम्बन्धी पहिलेका समस्याबाट बच्न खोजिरहेको बताए ।

मध्यान्ह
www.madhyanhadaily.com
२१ असोज २०८३ बुधबार
7 October 2026 Wednesday

## सम्पादकीय

# दण्डहीनता नहोस्

सरकारले जेनजी आन्दोलनका सहभागी भएकै कारण मुद्दा खेपिरहेका युवाहरूविरूद्धको मुद्दा फिर्ता लिने प्रक्रिया अघि बढाएको छ । जेनजी आन्दोलन राजनीतिक असन्तुष्टि र परिवर्तनको आवाज थियो । त्यसमा सहभागी भएकै कारण कसैलाई अपराधीको व्यवहार गरिनु हुँदैन । शान्तिपूर्ण प्रदर्शन, नाराबाजी वा राजनीतिक विरोधलाई फौजदारी कसुरसँग जोडेर मुद्दा चलाउनु लोकतान्त्रिक काम होइन । त्यसैले आन्दोलनका क्रममा पक्राउ परेका र मुद्दा खेपिरहेका निर्दोषलाई न्याय दिनुपर्ने विषयमा द्विविधा हुनु हुँदैन । तर यसको अर्को पाटो पनि उत्तिकै गम्भीर छ । आन्दोलनका नाममा भएको हिंसा, आगजनी, तोडफोड, लुटपाट र सुरक्षा निकायमाथिको आक्रमणलाई राजनीतिक गतिविधि भनेर सामान्यीकरण गर्न सकिँदैन । सरकारद्वारा गठित पूर्वन्यायाधीश गौरीबहादुर कार्की आयोग र राष्ट्रिय मानवअधिकार आयोगका प्रतिवेदनले समेत आन्दोलनमा आपराधिक घुसपैठ र विध्वंसका घटना भएको औंल्याएका छन् । त्यसैले राजनीतिक विरोध र आपराधिक गतिविधिबीच स्पष्ट सीमा कोर्न आवश्यक छ ।

सरकारले पूर्वन्यायाधीश बाबुराम रेग्मीको अध्यक्षतामा गठित समितिको प्रतिवेदनका आधारमा मुद्दा फिर्ताको प्रक्रिया अघि बढाउन लागेको छ । ३३ जिल्लामा एक हजार ८८७ जनाविरूद्ध दर्ता भएका ४४५ मुद्दामध्ये कुन मुद्दा राजनीतिक विरोधसँग सम्बन्धित हो र कुन गम्भीर अपराधसँग सम्बन्धित हो भन्ने छुट्याउनु आवश्यक थियो । समितिले पनि यही आधारमा मुद्दाको प्रकृति हेरेर सुझाव दिएको छ । सुरक्षाकर्मीमाथि सांघातिक आक्रमण, प्रहरी चौकीमाथि हमला, हतियार लुटपाट, सर्वोच्च अदालत, संसद् र सिंहदरबारमा आगजनी तथा तोडफोडजस्ता गम्भीर घटनामा संलग्नलाई उन्मुक्ति दिनु हुँदैन । निजी सम्पत्तिमा क्षति पुऱ्याएका घटनामा पनि पीडितको अधिकार र क्षतिपूर्तिलाई केन्द्रमा राखेर निर्णय हुनुपर्छ ।

आन्दोलनमा सहभागी भएकै कारण मुद्दा खेपिरहेका तर कुनै आपराधिक गतिविधिमा संलग्न नभएका व्यक्तिलाई लामो समय कानुनी झमेलामा राख्नु अन्याय हो । राज्यले उनीहरूलाई राहत दिनुपर्छ । मुद्दा फिर्ता राजनीतिक सम्झौताको विषय भए पनि न्यायिक प्रक्रियालाई बेवास्ता गर्न मिल्दैन । अदालतको अनुमति आवश्यक पर्ने भएकाले प्रक्रिया पारदर्शी र प्रमाणमा आधारित हुनुपर्छ । लोकतन्त्रमा विरोधको अधिकार सुरक्षित हुनुपर्छ । सँगै, विरोधको आवरणमा अपराध गर्ने छुट कसैलाई हुनु हुँदैन । निर्दोषलाई दण्ड र दोषीलाई उन्मुक्ति दुवै न्यायका लागि घातक छन् । राजनीतिक विचारकै कारण कोही दण्डित हुनु हुँदैन तर अपराधमा संलग्न कसैलाई पनि उन्मुक्ति दिइनुहुँदैन । दण्डहीनता सदैव अस्वीकार्य छ ।

# युवा बिदेसिँदा रित्तिँदै देश

युवाको श्रम, जोस, जाँगर र सिर्जनशीलता उपयोग गर्न नसकेसम्म देशले विकासको गति लिन सक्दैन । रोजगारीको अभावमा ठुलो युवाशक्ति बिदेसिँदै छ र रेमिट्यान्सले अर्थतन्त्र धानेको छ । अब राज्यले युवालाई कृषि, पर्यटन, उद्योग, प्रविधि र उद्यमशीलतासँग जोड्दै स्वदेशमै आयआर्जनको वातावरण बनाउनुपर्छ । युवा बिदेसिने होइन, आफ्नै माटोमा भविष्य खोज्ने अवस्था सिर्जना गर्नु आजको आवश्यकता हो ।

**अग्रलेख**



● डा.देवीप्रसाद आचार्य

युवाहरूको श्रम, जोस, जाँगर, साहस र हिम्मतको उपयोग गर्न नसकेसम्म देशले विकासको बाटो लिन सक्दैन । राष्ट्रिय विकासको रथ हाँक्ने युवाशक्तिको ठुलो संख्या दिनहुँ विमानस्थलको बाटो हुँदै बिदेसिएको छ । उनीहरूले पठाएको रेमिट्यान्सले घर, परिवार र देशको अर्थतन्त्रलाई थेगेको छ । युवाहरूलाई स्वदेशमै रोजगारीका अवसर प्रदान गर्न नसकेकै कारण आयआर्जनका लागि युवापुस्ता बाहिरिएको हो ।

हाम्रो देशमा श्रम गर्ने युवा उमेर समूहको संख्याको कमी छैन । बरु राज्यसँग युवा श्रमलाई देशभित्रै उपयोग गर्ने र उनीहरूलाई उत्पादनको क्षेत्रमा जोड्ने वैज्ञानिक कार्ययोजनाको कमी रहेको देखिन्छ ।

अधिकांश युवाले रोजगारीको स्थायी समाधान सरकारी सेवालाई बुझ्ने गरेको पाइन्छ । सबै जनताले सरकारी जागिर पाउने कुरा कुनै पनि देशमा सम्भव हुँदैन । सरकारी जागिरअन्तर्गत निजामती सेवा, सुरक्षा निकाय, सरकारी विद्यालय तथा विश्वविद्यालय, सरकारी अस्पताल, स्वास्थ्य संस्था, स्थानीय, प्रदेश र संघीय सरकारका अन्य सेवा पर्दछन् । उल्लिखित क्षेत्रमा रोजगारीको अवसर हाम्रो देशको जनसंख्याको आधारमा सीमित छ ।

सरकारी जागिरपछिको ठुलो सम्भावनाको क्षेत्र भनेको निजी उद्योग, व्यापार, निजी शैक्षिक संस्था, निजी अस्पताल, बैंक, बिमा, वित्तीय संस्था, होटल, मोटेल, रेस्टुरेन्ट, पर्यटन क्षेत्र, निर्माण कम्पनी, ई-कमर्स, एनजिओ, आइएनजिओलगायत क्षेत्र पर्दछन् । एकातिर हाम्रोजस्तो विकासोन्मुख देशले सबै नागरिकलाई रोजगारी दिन सक्दैन भने अर्कोतिर नागरिकले रोजगारीलाई सरकारी तथा गैरसरकारी क्षेत्रलाई मात्र बुझ्ने गरेको पाइन्छ । युवाहरू स्वरोजगारतर्फ आकर्षित भएको देखिँदैन । बरु वैदेशिक रोजगारीलाई विकल्पका रूपमा देख्ने गरेको पाइन्छ ।




यस सन्दर्भमा राज्यले सबैलाई रोजगारी प्रदान गर्ने सम्भावना नभएता पनि स्वरोजगार बन्ने वातावरण बनाउने काम गर्नुपर्दछ । लगानीमैत्री वातावरण, लगानीमैत्री नीतिनिर्माण, गुणस्तरीय शिक्षा, व्यावसायिक तथा प्राविधिक सीप, सहज वित्तीय पहुँच, उद्यमशीलताको पहुँच, श्रम बजारले खोजेको ज्ञान तथा सीपलगायत युवाहरूमा सिर्जनशीलताको विकास गर्न ठोस रूपमा काम गर्नुपर्दछ । यसो हुन सकेको छैन ।

देशमा राजनीतिक अस्थिरता, विकासमा सुस्तता, सुशासनको अभावजस्ता कारणले गर्दा गाउँदेखि सहरसम्मका युवाहरूले देशभित्र भविष्य देख्न नसकेको अवस्था छ । शिक्षित युवापुस्ताले सरकारी जागिर र वैदेशिक रोजगारीका लागि मरिहत्ते गर्ने मनोविज्ञानलाई बदलेर उत्पादन, उद्यम, प्रविधि र सिर्जनशीलताका क्षेत्रलाई आयआर्जनको आधार बनाउनु आजको आवश्यकता हो । युवाहरूले पनि आफ्नै माटोमा आयआर्जनका बाटा र पाटाहरूको खोजी गर्नुपर्दछ ।

देशमा बेरोजगारी एउटा ठुलो सामाजिक समस्याका रूपमा देखिएको छ । राजनीतिक दलबाट नेतृत्वमा पुग्ने व्यक्तिहरूले देश विकासको स्पष्ट मार्गचित्र तय गर्न सकेनन् । राजनीतिक नेतृत्वले विकासको जतिसुकै कुरा गरे पनि विकास योजनाको छनोट, चुस्त विकास प्रशासन र युवाजनशक्तिको परिचालन गर्ने वैज्ञानिक योजना किन बनाउँदैन ?

युवाहरूलाई स्वदेशमै आयआर्जन गर्ने अवसर नभएसम्म युवापलायन रोकिन सक्दैन । गणतन्त्रपछिको अवधिमा विदेश जाने युवाहरूको तथ्यांक हेर्दा कहालीलाग्दो छ । स्वदेशमा बाँकी भएका युवाहरू पनि बेरोजगारीले सताइएका छन् । यसरी हेर्दा राज्यले मुलुकलाई तीव्र विकासको बाटोमा अगाडि बढाउन युवाहरूलाई स्वदेशमै अवसर प्रदान गर्ने कार्य नगर्नु विडम्बना हो ।

रोजगारीका लागि स्वरोजगार तथा उद्यमशीलतालाई जोड दिन आवश्यक हुन्छ । हाम्रोजस्तो देशमा स्वरोजगारका लागि कृषि तथा पशुपन्छीपालनको क्षेत्र सबैभन्दा बढी सम्भावना भएको क्षेत्र हो । निर्वाहमुखी कृषिले युवाहरूलाई आकर्षित गर्न सकिरहेको छैन । यसर्थ कृषि क्षेत्रलाई परम्परागत शैलीबाट आधुनिक प्रविधिमा जोड्नुपर्दछ । कृषि र पशुपालनलाई बीउ, प्रविधि, सिँचाइ, यान्त्रीकरण, उत्पादन, प्रशोधन, भण्डारण र बजारीकरणसँग जोडेर आयआर्जनको क्षेत्र बनाउनुपर्दछ ।

हाम्रो देशमा पर्यटन अर्को ठुलो रोजगारीको सम्भावना बोकेको क्षेत्र हो । हिमाल, पहाड, तराई, विविध धर्म, भाषा, साहसिक गतिविधि, मौलिक जीवनशैली, जैविक विविधता, धार्मिक तथा सांस्कृतिक क्षेत्रहरू पर्यटकहरूका लागि महत्त्वपूर्ण क्षेत्र हुन् ।

पर्यटन क्षेत्रको विकाससँगै होटल, रेस्टुरेन्ट, यातायात, गाइड, हस्तकला, चित्रकला, स्थानीय उत्पादन, सांस्कृतिक कार्यक्रम, डिजिटल सेवा लगायतका क्षेत्रमा हजारौंको संख्यामा रोजगारी र स्वरोजगारको सिर्जना हुन सक्छ । परन्तु यस क्षेत्रको विकास हुन सकेको छैन ।

देशभित्र रोजगारीका सम्भावना अध्ययन गर्ने, खोजी गर्ने तथा अवसर सिर्जना गर्ने दिशामा युवाहरूको ध्यान गएको देखिँदैन । बरु युवापुस्ता अन्तर्राष्ट्रिय बजारमा कामदारका रूपमा पलायन भएको छ । वैदेशिक रोजगारीबाट आउने विप्रेषण हरेक वर्ष बढेको छ । विदेशमा संलग्न नेपाली श्रमिकको श्रमले राष्ट्रिय अर्थतन्त्रमा टेवा दिएको छ ।

विदेश जानु आफैंमा समस्या होइन । वर्तमान अवस्थामा वैदेशिक रोजगारीमा गएका युवाहरूको आर्थिक स्तर सबल भए तापनि दीर्घकालीन रूपमा वैदेशिक रोजगारी समस्याको समाधान होइन । वैदेशिक रोजगारीले न त व्यक्तिको स्थायी आर्थिक विकासको आधार हुन सक्दछ, न त देश विकास नै । आर्थिक विकासको आधार स्वदेशमै उत्पादनमा आधारित अर्थतन्त्र हो ।

शिक्षित युवा बेरोजगार हुनु भनेको देशको शिक्षा प्रणाली र राज्यको प्राथमिकतासँग जोडिएको विषय हो । हाम्रो शिक्षा रोजगारमूलक बन्न सकेन । विश्वविद्यालयसम्मको डिग्री हासिल गरेर पनि शिक्षित जनशक्तिमा व्यावसायिक दक्षताको अभाव हुनु भनेको शिक्षा र रोजगारी वा उत्पादनको सम्बन्ध नजोडिनु हो ।

देशमा हजारौंको संख्यामा शिक्षालय खोलिएका छन् । राज्यले शिक्षामा ठुलो लगानी गरेको पनि छ । तथापि शिक्षा व्यावसायिक तथा रोजगारमूलक बन्न नसकेको अवस्था छ । शिक्षामा परिवर्तन समयसापेक्ष हुन नसक्दा विश्व बजारमा आविष्कार भएका प्रविधिको प्रयोग गरी देशमा भएको अथाह प्राकृतिक स्रोत र साधनको उपयोग हुन सकेको छैन । रोजगारीको सिर्जना हुन सकेको छैन ।

देशका शिक्षालयबाट उत्पादित जनशक्तिमा पेसागत दक्षताको अभाव छ । स्वरोजगारमैत्री सीपको कमी छ । फलतः बौद्धिक पलायन बढ्दो छ । युवाहरूलाई स्वदेशमै रोक्ने उपाय भनेको उनीहरूलाई स्वदेशमै रोजगारीको अवसर दिने भन्ने भाषण वा आश्वासन होइन । बेरोजगार युवाहरूले सरकारको आश्वासनलाई विश्वास गरी पर्खेर बस्दैनन् । बरु राज्यले कृषि, पर्यटन, घरेलु उद्योग, हर्टिकल्चर, फ्लोरिकल्चर, बागबानीलगायतका क्षेत्रमा बेरोजगार युवाहरूको ज्ञान तथा सीप अभिवृद्धि गर्न अल्पकालीन तालिम तथा दीर्घकालीन योजना बनाई उद्यमशीलतामा जोड दिनुपर्दछ । उद्यम गर्न चाहने युवाहरूलाई सहज ऋण, प्रविधि, बजार, बिमा, करसम्बन्धी सहज कानुन बनाउनुपर्दछ । विद्यालय तहदेखि नै शिक्षालाई रोजगारीसँग जोड्नुपर्दछ । यसो हुन सकेमा स्वदेशमै आयआर्जन गर्ने अवस्थाको सिर्जना हुन सक्दछ ।

अन्त्यमा, नेपाली युवाहरू रहरले बिदेसिएका होइनन् । स्वदेशमा आयआर्जन गर्न नसक्दा युवाहरू काम, माम र जीवनयापनका लागि छिमेकी वा टाढाका मुलुकमा भौंतारिइरहेका हुन् । कान्छा र बहादुरका नाममा विदेशी भूमिमा श्रम र श्री बेच्न बाध्य भएका हुन् ।

आफ्नै गाउँठाउँमा आयआर्जनका अवसर सिर्जना हुन सकेमा युवाहरू देशमै बस्न सक्ने अवस्था रहन्छ । आफ्नै गाउँघरमा आयआर्जनका व्यवसाय खोज्ने, रोज्ने र टिकाउने कार्यमा युवाहरू लाग्दछन् । रोजगारीका लागि विदेश जाने क्रम रोकिन्छ । विदेशमा भएका युवाहरू बिस्तारै फर्कन सुरु गर्दछन् ।

गाउँहरू आफ्नै उत्पादनमा आत्मनिर्भर हुन थाल्दछन् । स्थानीय स्तरमा उत्पादन भएका खाद्यवस्तुको किनबेचको कारोबारले आर्थिक समृद्धि बढ्दै जान्छ । देशले विकासको गति लिन थाल्दछ । तसर्थ राज्यले युवा स्वरोजगार कार्यक्रमलाई अभियानका रूपमा चलाउनुपर्दछ ।

# दिल्लीको खाली कुर्सी

**सरोकार**



● भुपेन्द्र थापा 'माधव'

*१८औं ब्रिक्स सम्मेलनमा नेपालको अनुपस्थिति निम्तो नआएको सामान्य घटना मात्र होइन, बदलिँदो विश्व राजनीतिमा नेपालको कूटनीतिक तयारीबारे सोच्ने अवसर पनि हो । हिमालय, जलवायु, ऊर्जा र भूराजनीतिक अवस्थालाई राष्ट्रिय रणनीतिसँग जोडेर नेपालले विश्वमञ्चमा आफ्नो स्थान आफैं निर्माण गर्नुपर्छ ।*

नयाँदिल्लीमा सम्पन्न १८औं ब्रिक्स शिखर सम्मेलनले बदलिँदो विश्व राजनीतिका धेरै संकेत छाडेको छ । भारत, चीन, रुससहितका उदीयमान शक्ति राष्ट्रहरू आर्थिक सहकार्य, व्यापार, ऊर्जा, प्रविधि, जलवायु परिवर्तन र विश्व शासन प्रणालीमा सुधारबारे छलफल गरिरहेका बेला नेपालको उपस्थिति भने त्यो मञ्चमा देखिएन । त्यसैले स्वाभाविक प्रश्न उठ्छ-नेपाल कहाँ छ ?

नेपाल ब्रिक्सको सदस्य होइन । साझेदार मुलुकलाई पनि सदस्यहरूको सहमतिमा शिखर सम्मेलनमा सहभागी गराउने व्यवस्था छ । नेपाल त्यो साझेदार सूचीमा समेत छैन । यसको अर्थ भारतले जानाजान नेपाललाई बाहिर राख्यो वा कुनै महाशक्तिको दबाबमा रोक्यो भन्ने निष्कर्ष निकाल्नु तथ्यपरक हुँदैन । तर अर्को प्रश्नबाट पनि भाग्न मिल्दैन-नेपालले आफ्नो रणनीतिक महत्त्वलाई अन्तर्राष्ट्रिय मञ्चमा पर्याप्त रूपमा स्थापित गर्न किन सकेन ? यही प्रश्न अहिले काठमाडौंले आफैंलाई सोध्नुपर्ने बेला हो ।

**निम्तोभन्दा ठुलो कुरा**

कुनै सम्मेलनमा निमन्त्रणा नपाउनु मात्र कुनै देशको अन्तर ाष्ट्रिय हैसियतको अन्तिम मापन होइन । कूटनीतिक सफलता निम्तो आएको दिनबाट सुरु हुँदैन । त्यसका लागि बर्सौंअघि नै सम्बन्ध, संवाद, मुद्दा र राष्ट्रिय प्राथमिकताको आधार तयार गर्नुपर्छ ।

नेपालसँग विश्वसामु प्रस्तुत गर्ने विषयको कमी छैन । हिमालय, जलवायु परिवर्तन, जलस्रोत, ऊर्जा, विपद् व्यवस्थापन, पर्यटन, श्रम आप्रवासन र दक्षिण एसियाको भूराजनीतिक संवेदनशीलता नेपालका महत्त्वपूर्ण कूटनीतिक मुद्दा बन्न सक्छन् । समस्या मुद्दामा होइन, ती मुद्दालाई राष्ट्रिय रणनीतिमा बदल्ने क्षमतामा छ । हामी अन्तर्राष्ट्रिय मञ्चमा अवसर नपाउँदा बाह्य शक्तिलाई दोष दिन्छौं । तर कूटनीतिक संसारको कठोर सत्य हो-अरूले दिएको स्थानभन्दा महत्त्वपूर्ण आफूले निर्माण गरेको स्थान हुन्छ ।

ब्रिक्सको विस्तारसँगै विश्वको ठुलो जनसंख्या र अर्थतन्त्र यसमा जोडिएको छ । विकासशील मुलुकको आवाज बलियो बनाउने र 'ग्लोबल साउथ'लाई विश्व निर्णय प्रक्रियामा प्रभावशाली बनाउने बहसमा यसको भूमिका बढ्दो छ । नेपाल पनि विकासशील विश्वको हिस्सा हो । हामी जलवायु संकटको अग्रपंक्तिमा छौं, श्रम निर्यात गर्छौं, विपद्को जोखिम बोक्छौं र विकास वित्तको आवश्यकता छ ।

त्यसैले प्रश्न ब्रिक्सको सदस्य बन्ने मात्र होइन । 'ग्लोबल साउथ'को बहसमा नेपालले आफ्नो आवाज कति बलियो बनाउन सक्छ भन्ने हो । नेपालको पछिल्लो राजनीतिक परिवर्तन पनि अन्तर्राष्ट्रिय चासोको विषय हो । भ्रष्टाचार, दण्डहीनता, बेरोजगारी, अवसरहीनता र पुरानो राजनीतिक संस्कारप्रतिको आक्रोश बोकेको युवा पुस्ताको आन्दोलनले नयाँ नेतृत्व जन्माएको हो । जेन-जी पुस्ताको त्याग र संघर्षबाट स्थापित नयाँ सरकारसँग जनताको अपेक्षा असाधारण छ ।




तर अन्तर्राष्ट्रिय शक्ति भावनाबाट होइन, आफ्नो राष्ट्रिय हितबाट चल्छन् । भारत, चीन, अमेरिका वा अन्य शक्तिका लागि प्रश्न केवल 'को सत्तामा आयो ?' भन्ने होइन । उनीहरू जान्न चाहन्छन्-यस सरकारको विदेश नीति के हो ? रणनीतिक प्राथमिकता के हो ? छिमेकीसँगको सम्बन्ध कस्तो हुन्छ ? विश्व शक्तिसँगको सम्बन्ध कुन आधारमा अघि बढ्छ ?

त्यसैले सरकारले स्पष्ट राष्ट्रिय परराष्ट्र नीति सार्वजनिक गर्नुपर्छ । सरकार फेरिँदा राष्ट्रिय हित फेरिनु हुँदैन । छिमेकीसँग सम्बन्धमा निरन्तरता, विश्व शक्तिसँग संवादमा सन्तुलन र आर्थिक कूटनीतिमा परिणाम नयाँ विदेश नीतिको आधार बन्नुपर्छ ।

**कसैको पक्ष होइन, नेपालको पक्ष**

दिल्ली सम्मेलनको अर्को महत्त्वपूर्ण पक्ष भारत र चीनबीच बढ्दो संवाद हो । विगतको तनावपछि दुई मुलुक सम्बन्ध सुधारका सम्भावना खोजिरहेका छन् । नेपालका लागि यो डराउने विषय मात्र होइन, अवसर पनि हो ।

भारत र चीनबीच सहकार्य बढ्यो भने नेपालले ऊर्जा, व्यापार, पर्यटन, पारवहन, पूर्वाधार र क्षेत्रीय सम्पर्कमा नयाँ सम्भावना खोज्न सक्छ । तनाव बढ्यो भने त्यसको असरबाट आफूलाई जोगाउन परिपक्व र सन्तुलित कूटनीति आवश्यक पर्छ ।

दुवै अवस्थामा नेपालको नीति एउटै हुनुपर्छ-कसैको पक्ष होइन, नेपालको पक्ष । भारतसँग सम्बन्ध राख्दा चीनलाई शत्रु देख्नु हुँदैन । चीनसँग सहकार्य गर्दा भारत सशंकित बनाउने व्यवहार गर्नु हुँदैन । अमेरिकासँग विकास, प्रविधि र आर्थिक सहकार्य गर्दा त्यसलाई कुनै शक्ति-शिविरमा प्रवेश गरेको अर्थ दिनु हुँदैन । ठुला राष्ट्रहरू आफैं अनेक शक्ति केन्द्रसँग संवाद गरिरहेका छन् । नेपालले पनि यही व्यावहारिकता सिक्नुपर्छ ।

नेपालले आफूलाई लामो समयदेखि भारत र चीनबीचको 'दुई ढुंगाबीचको तरुल'का रूपमा चित्रित गर्दै आएको छ । यसले हामी आफैंलाई सानो र अरूलाई ठुलो देख्ने मनोविज्ञान जन्माएको छ ।

भूगोल सानो हुनु कमजोरी होइन । राष्ट्रिय दृष्टिकोण सानो हुनु कमजोरी हो । नेपालसँग जलविद्युत्, हिमालय, पर्यटन, जैविक विविधता र भारत-चीनबीचको रणनीतिक भूगोल छ । तर सम्भावना तब मात्र शक्ति बन्छ, जब राज्यले त्यसलाई कूटनीति, अर्थनीति र दीर्घकालीन रणनीतिसँग जोड्छ ।

हिमालयलाई पनि नेपालको महत्त्वपूर्ण कूटनीतिक शक्ति बनाउनुपर्छ । जलवायु परिवर्तनले हिमनदी, हिमताल, पानीका स्रोत र पहाडी बस्तीमाथि गम्भीर जोखिम सिर्जना गरिरहेको छ । अब जलवायु परिवर्तनबारे भाषण गरेर मात्र पुग्दैन । भारत र चीनसँग हिमाली पूर्वसूचना प्रणाली, जलवायु अनुसन्धान, हिमनदी निगरानी र विपद् व्यवस्थापनमा सहकार्य गर्नुपर्छ । विकसित तथा उदीयमान शक्तिसँग जलवायु क्षतिका लागि न्यायपूर्ण सहयोग माग्नुपर्छ ।

नेपालले तत्काल ब्रिक्सको सदस्यता माग्नुपर्छ भन्ने होइन । तर साझेदार बन्न योग्य मुलुकका रूपमा आफ्नो कूटनीतिक आधार तयार गर्न किन नसक्ने ? त्यसका लागि ब्रिक्सका सबै सदस्यसँग आर्थिक, राजनीतिक र जनस्तरीय सम्बन्ध विस्तार गर्नुपर्छ । नेपालको जलवायु, ऊर्जा, पर्यटन र विकासका मुद्दालाई उनीहरूको प्राथमिकतासँग जोड्नुपर्छ ।

ब्रिक्स सम्मेलनमा नेपालको उपस्थिति थिएन । यसलाई नेपालको कूटनीतिक असफलताको अन्तिम प्रमाण ठहर गर्नु पनि उचित हुँदैन । तर यसले आत्मसमीक्षाको ठुलो अवसर भने दिएको छ । हामी अन्तर्राष्ट्रिय मञ्चमा किन खोजिन चाहन्छौं ? नेपालसँग विश्वलाई दिने नयाँ कुरा के छ ? हाम्रो कूटनीतिक प्राथमिकता के हो ? बदलिँदो शक्ति-सन्तुलनमा राष्ट्रिय हित कसरी सुरक्षित गर्ने ?

नयाँ सरकारले यी प्रश्नको उत्तर दिनुपर्छ । जेन-जी पुस्ताको बलिदानले राजनीतिक परिवर्तनको ढोका खोल्यो । अब त्यो परिवर्तनलाई सुशासन, आर्थिक आत्मनिर्भरता, विश्वसनीय कूटनीति र राष्ट्रिय आत्मसम्मानमा बदल्ने जिम्मेवारी नयाँ नेतृत्वको हो । महाशक्तिको प्रतिस्पर्धामा नेपाल कसैको मोहरा बन्नु हुँदैन । तर महाशक्तिसँग डराएर कुनामा बस्नु पनि हुँदैन । हामीले कसैको शिविर रोज्ने होइन, नेपालको राष्ट्रिय हित रोज्ने हो । दिल्लीको ब्रिक्स सम्मेलनले विश्व बदलिँदै गएको देखाएको छ । अब काठमाडौंले पनि त्यो परिवर्तन बुझेर आफ्नो कूटनीतिक स्थान पुनर्निर्माण गर्नुपर्छ । वास्तविक प्रश्न ब्रिक्समा नेपाल किन थिएन भन्ने मात्र होइन । प्रश्न यो हो-अर्को विश्वमञ्चमा नेपाल किन हुनुपर्छ भन्ने कारण हामी आफैंले निर्माण गर्न सक्छौं कि सक्दैनौं ? यही प्रश्नको उत्तरमा नयाँ नेपालको कूटनीतिक भविष्य लुकेको छ । नेपाल कसैको छायामा होइन, आफ्नै राष्ट्रिय हितको प्रकाशमा उभिन सक्नुपर्छ ।

**इतिहासको पाना** ● रतन भण्डारी

## रणोद्दीपको हत्यामा सघाएकी चिरबिरे मैयाँ



यी हुन्, प्रधानमन्त्री जंगबहादुर राणाकी छोरी खड्गकुमारी अर्थात् 'चिरबिरे मैयाँ' । रक्तपातपूर्ण कोत हत्याकाण्डपछि सत्तामा आएका जंगबहादुरविरुद्ध तत्कालीन राजा राजेन्द्रले अलौपर्वमार्फत सत्ताच्युतको प्रयास गरेका थिए तर उनी विफल रहे । अलौपर्वपछि जंगबहादुरले आफ्ना दुई छोरी दीपकुमारी र खड्गकुमारीको विवाह माहिला साहेबज्यू उपेन्द्रविक्रमका छोरा धीरेन्द्रविक्रमसँग गरिदिएका थिए । तीमध्ये दीपकुमारी 'बागकी कान्छी मैयाँ'का नामले र खड्गकुमारी 'चिरबिरे मैयाँ'का नामले बढी चिनिए । जंगका यी दुवै छोरी दीपकुमारी र खड्गकुमारीले रणोद्दीप सिंहको हत्यामा कान्छा काका धीरशमशेरतिरका छोराहरू वीरशमशेर, खड्गशमशेर, भीमशमशेर, डम्बरशमशेर र चन्द्रशमशेरलाई सघाई धीरखलकलाई सत्तामा ल्याउन अहम् भूमिका निर्वाह गरेका थिए ।

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुनेछ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइनेछ । – सं.

# दुबईमा नेपथ्यको धमाका



**दुबई/मस–** भव्य वातावरणभित्र अलग-अलग पृष्ठभूमिका मगनमस्त दर्शक, उनीहरूले लामो समयदेखि मन पराउँदै आएको संगीत अनि भएभरका सबैलाई बाँध्ने नेपालीपन। दुबईको आधुनिक हलमा आइतबार नेपथ्यले लोकरक गीतहरूमार्फत दर्शकलाई भरपूर मनोरञ्जन दिएको छ। आइस हकी खेलिने कभर्ड हलमा अघिल्ला कन्सर्टहरू गर्दै आएको ब्यान्डले यो पाला पहिलो पटक इन्टरनेट सिटीस्थित 'दी एजेन्डा' रोजेको थियो।

यहाँस्थित मणिपाल युनिभर्सिटीमा बिजनेस एडमिनिस्ट्रिसेन अध्ययनरत दर्शक वन्दना थापा कार्यक्रमपछि भन्दै थिइन्, 'नेपथ्यको कन्सर्ट हेर्नु संगीतको आनन्द लिनु मात्र नभई सिंगो नेपाल र नेपालीपनकै उत्सव मनाउनु जस्तो हुन्छ। जसको सम्झना बाँचुन्जेल रमाइलो बनेर मनमा बस्छ।'

वन्दनाजस्ता दर्शकको भावनालाई थप सम्मान गर्न पछिल्लो समय स्थानीय आयोजकले कन्सर्टसँग विभिन्न गतिविधि जोड्न पनि थालेका छन्। यो पटक त्यस्तो गतिविधिको केन्द्रमा रहे पाकिस्तानको लाहोरबाट दुबई आएका तन्नेरी आतिफ असलम।

स्थानीय आयोजकले कन्सर्टअघि दुबईका दर्शकमाझ नेपथ्यका गीत आफ्नो स्वरमा रेकर्ड गरेर पठाउने प्रतिस्पर्धा पनि चलाएका थिए। त्यसमा आतिफले 'रातो र चन्द्रसुर्जे' गीत सामेल गराए र पुरस्कृत बने। उनले टिकटकमा समेत राखेको यो गीत अहिलेसम्म करिब ३५ हजारले हेरिसकेका छन् भने पाँच हजारले लाइक गरिसकेका छन्। यो सफलताबापत उनले नेपथ्य कन्सर्ट हेर्ने मात्र नभई यसका मुख्य गायक एवं अगुवा अमृत गुरुङसँग व्यक्तिगत तवरले भेटघाट गर्ने अवसर पनि पाए। गुरुङसँगको भेटघाटको क्षण पनि उनले टिकटकमा राखिसकेका छन्, जसलाई १२ घण्टाभित्रै १७ सय जनाले लाइक गरिसकेको देखिन्छ। त्यसमा उनले लेखेका छन्, 'नेपालके पहाडोंसे पाकिस्तानके वादियोंतक, दोस्तीका एक नयाँ नगमा।'

'मञ्चबाट यति धेरै ऊर्जा प्रवाह गराउने कन्सर्ट मैले आजसम्मै अनुभव गरेको थिइनँ,' आफ्ना गीतहरू टिकटकमा राख्दै आएका र केही समययता नेपथ्यका गीत पनि सुन्न थालेका आतिफले कन्सर्टपछि प्रतिक्रिया दिए, 'अमृत गुरुङको प्रशंसा सायद मेरा शब्दले मात्र सम्भव नहोला।' दुबई कन्सर्टको राप र ताप सुरुवातदेखि अन्त्यसम्मै देखिन्थ्यो। घडीले औंल्याउनासाथ दर्शकले भरिएको हलमा प्रवेशगरेका गायक अमृतले पहिलो गीत 'कोशीको पानी' गाउन सुरु गरे। त्यसपछि सुरु भएको दर्शक उत्साह र जोस अन्तिम गीत 'रातो र चन्द्रसुर्जे' सम्मै कायम रह्यो।

त्यस बीचमा अमृतले आफ्ना धारणाहरूमार्फत समेत तमाम दर्शकलाई नेपालसँग जोड्ने प्रयत्न गरिरहे। प्रकृतिले हिमाल, पहाड र उर्वर तराई दिएको धनी देश भएर पनि मरुभूमिमा परिश्रम गर्न आउनुपरेका नेपालीको बाध्यतामा उनले बारम्बार थकथकी माने। त्यसै गरी आफ्नो मातृभूमिलाई परेको बेला मनले जति इच्छा हुन्छ, त्यति सहयोग गर्न पनि उनले अभिप्रेरित गरे। 'कन्सर्टबाट जति अपेक्षा गरेको थिएँ, त्योभन्दा निकै बढी सन्तुष्टि महसुस गर्दै छु,' अर्की दर्शक सुर्जना कार्की भन्दै थिइन्, 'पहिलोपटक नेपथ्यको दर्शक बनिरहँदा गीतसँगसँगै नेपालीपनको पनि यति आनन्द लिन पाइन्छ भन्ने सोचेकी थिइनँ।'

कन्सर्टमा अन्य इमिरेट्सहरू विशेष गरी आबुधाबी, सारजहाँ र रस अल खइमाबाट पनि नेपाली दर्शक उल्लेख्य सङ्ख्यामा उपस्थित भएका थिए।

'चार वर्ष र सात वर्ष पहिले दुबईमा आयोजना भएका कन्सर्ट हेर्न पनि यसै गरी आएकी थिएँ,' आबुधाबीबाट सात जना साथीहरूको समूह बाँधेर उपस्थित भक्तपुर सूर्यविनायककी ब्युटिसियन कोपिला तामाङ भनिरहेकी थिइन्, 'सधैंजस्तै म मात्र होइन, हामी सबै साथी नेपथ्य अनुभव गरेर असाध्यै रमाएका छौं।'

ललितपुरबाट आई दुबईमा १० वर्षदेखि विमान परिचारिका रहेकी नमुना वाद्यकार भने दुई घण्टाको कन्सर्टले थप भोक जगाएपछि गाडीको यात्राबाट घर पुगिसकेर पनि नेपथ्यकै गीत सुनिरहेको बताइरहेकी थिइन्।

कन्सर्टमा भने संगीत मात्र नभई व्यवस्थापनका मिहिन प्रयासहरूले प्रदान गर्ने उत्कृष्टताटताको अनुभूति पनि गर्न पाइएको उनको भनाइ थियो। मञ्चमा अमृतलाई ड्रमसेटमा ध्रुव लामा, बेस गितारमा सुविन शाक्य, गितारमा नीरज गुरुङ र किबोर्डमा दिनेशराज रेग्मीले सघाएका थिए। दुबई कन्सर्ट सम्पन्न भएपछि अब नेपथ्य राजधानी काठमाडौंका दर्शकमाझ उपस्थित हुँदैछ। आगामी साता असोज २४ शनिबार ब्यान्डले आफूलाई उपत्यकाको दक्षिण पश्चिमी कुनास्थित कीर्तिपुरमा उभ्याउने तयारी लगभग अन्तिम चरणमा पुगिसकेको छ। त्यहाँस्थित ल्याब स्कुलको मैदानमा कन्सर्ट हुनेछ।

त्यसपछि भारतको सिक्किम र फेरि नेपालका छ सहरमा प्रस्तुतिका लागि ब्यान्डले आधिकारिक वेबसाइटमा तालिका प्रकाशित गरिसकेको छ। त्यसै गरी यही वर्ष अस्ट्रेलियामा पनि शृङ्खलाबद्ध यात्रा गर्ने प्रारम्भिक जानकारी ब्यान्डले दिइसकेको छ।


## INVITATION FOR SEALED QUOTATIONS

**Budhiganga Palika Hospital**

Budhiganga Morang,
Koshi Province, Nepal
(First Date of Publication: 2083/06/20 B.S.)
Notice No.: 04-2083/084

Sealed quotations are hereby invited from eligible registered suppliers, firms, or companies for the supply of **Surgical Items, Dental Materials, and X-ray Films.** This procurement is conducted in accordance with Section 40, Chapter-5 of the Public Procurement Act, 2063 (with amendments) and Rule 84, Chapter-7 of the Public Procurement Regulations, 2064 (including the 16th amendment).

1. **Key Schedule and Details**

| S.N. | Description | Details / Regulations |
|---|---|---|
| 1 | Document Issue & Submission Period | From 2083/06/20 B.S. to 2083/06/27 B.S. during office hours (up to 4:00 PM). (If the last day falls on a public holiday, submission extends to the next working day). |
| 2 | Quotation Document Fee (Non-refundable) | NPR 1,000/- (NPR One Thousand Only). Must submit receipt from the hospital counter or original bank deposit voucher. |
| 3 | Bid Security Amount | NPR 75,000/- (NPR Seventy-Five Thousand Only). |
| 4 | Bid Security Validity Period | 60 (Sixty) days from the deadline of bid submission (Bank Guarantee or Cash Deposit Voucher). |
| 5 | Quotation Opening Date, Time & Venue | 2083/06/28 B.S. at 1:00 PM at the Administration Section of the Hospital. (Absence of bidders or their representatives shall not hinder opening). |

2. **Tender Document Availability**
   Quotation/Proposal documents can be obtained within the specified period through any of the following methods:
   - **Official Website:** https://bpa.budhigangamun.gov.np/wp-content/uploads/2026/10/WEBSITE.pdf
   - **Email:** budhigangapalikaaspatal@gmail.com
   - **In-Person / Postal:** Administration Section, Budhiganga Palika Hospital.
3. **Bank Account Details for Deposit**
   (For purchasing quotation forms or depositing cash bid security)
   - **Bank Name:** Rastriya Banijya Bank, Mahendrachowk, Biratnagar
   - **Account Name:** BAANSBAARI PAALIKA STARIYA AADHARBHUT ASPATAL
   - **Account Number:** 2650100000244001



## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६५/०४/०१ मा दर्ता भएको **दर्ता नं. ५४५१५/०६५/०६६** को **डेलिकेटेशन पब एण्ड क्याफे प्रा. लि.** को मिति २०८३/०६/१९ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ (१) बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्विडेटर: शेर बहादुर रोकाया,**
**इजाजतपत्र नं. ९८७, फोन नं. ९८४१३४०४०३**

## हकदावी सम्बन्धी ३५ दिने सूचना

म्पनी ऐन २०६३ बमोजिम मिति ०६६/१२/०५ मा दर्ता भएको ा नं. **७१४५०** को **निम्बस भेष्टमेन्ट कम्पनी प्रा.लि** को मिति ०८३/०६/०६ मा सम्पन्न विशेष धारण सभाको निर्णय वमोजिम खारेजी क्वडेशनमा लैजाने निर्णय गरेकोले यस म्पनी सँग कोही कसैलाई कुनै प्रकारको नदेन बाँकी वक्यौता रहेको भए यो सूचना काशित भएको मितिले ३५ दिन भित्रमा म्न लिखित लिक्वडेटरको कार्यालय गाँबानेश्वरमा हकदावी गर्न सम्बन्धित वैको जानकारीको लागि यो सूचना जारी रिएको छ।

**लिक्विडेटर : रामबाबु कडेल**
**इजाजत पत्र नं. ६८९**
**मोबाइल नं ९८५११५८१६५**

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

### कम्पनीको हकदावी सम्बन्धी ३५ दिने सूचना

यस कार्यालयमा मिति २०७८/०४/२८ मा दर्ता भएको **रुट एग्रोटेक प्राइभेट लिमिटेड (प्रा.लि.नं. २६७७९०)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

### स्वेच्छिक दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०६८/०३/१५ मा दर्ता भएको **प्रा.लि.नं. ८४२६६** को **ठुलापोखरा केबल नेटवर्क प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०६/१३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

## कर्मचारी हटाइएको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **Reliance Recruitment Services Pvt. Ltd. (इजाजत पत्र नं. ९७१/०६७/०६८)** मा निम्न कर्मचारीलाई यस कार्यालयबाट हटाइएको सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै निज व्यक्तिहरुसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि आर्थिक कारोबार नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन। साथै कुनै दावी बिरोध भएमा ७ (सात) दिन भित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

| S.N | Name | Post | Citizenship No. |
|---|---|---|---|
| 1 | Chandik Tamang | Japan Coordinator | 21-01-72-06713 |

RELIANCE RECRUITMENT SERVICES PVT. LTD. Lic. No: 971/067/068
Maharajgunj, Chakrapath, Kathmandu, Nepal, Tel : 01-4519528
Email : manager@relianceservice.com.np, Website : www.relianceservice.com.np



## कुवेत र युएईमा रोजगार

कम्पनी: KSK GROUP GENERAL CONTRACTING FOR BUILDINGS शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८३/०६/२० चलानी नं.: ६०२६२२२६ L.T. No.: 349070

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner (Indoor) | 0 | 40 | स. काममा दक्ष | 85 | ४२,३९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: DURRAT AL NOOR HOSPITALITY शहर: DUBAI
पूर्व स्वीकृत मिति: २०८३/०६/२० चलानी नं.: ६०२६२२२७ L.T. No.: 349038

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Technician/telecommunication | 1 | 0 | सम्बन्धित काममा दक्ष | 2100 | ८७,९२७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Assistant Waiter | 2 | 0 | | 1200 | ५०,२४४ | | | | | | | |
| 3. | Cleaners (Male) | 2 | 0 | | 1100 | ४६,०५७ | | | | | | | |
| 4. | Sales Officer | 1 | 0 | | 1500 | ६२,८०५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज २८ गते (14 October 2026) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**दि हिमालयन एच. आर. प्रा. लि.** श्रम ईजाजत नं.: १२३२/०६८/०६९
THE HIMALAYAN HR (P) LTD.
शम्भु मार्ग, एरपोर्ट, काठमाण्डौ फोन: 015924715 / 9851051209 / 9815332453 / 9841222845 / 9851023117

## मलेशियामा रोजगार

कम्पनी: SIERRAFORCE PROTECTION SDH. BHD. शहर: PUTRAJAYA
पूर्व स्वीकृती मिति: २०८३/०६/२० L T. No. 349142 चलानी नं. ६०२६२१८३

| सि. नं. | कामदारको पद | माग संख्या (पु.) | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी | कामदारको छनौट तरीका |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Security Guards | 150 | काममा दक्ष | 1700 | ६३,९७१/- | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | ८ दिन | छैन | छ | २ वर्ष | अन्तरवार्ता |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने र नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने/नहुने र प्रिमियर कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पी शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | शेवा शुल्क कति लाग्ने र कसले व्यहोर्ने | सामाजिक सुरक्षा कोष सम्बन्धी व्यवस्था | कुल लागत खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार तिर्ने | दिने | कामदार तिर्ने | विमा हुने/ रोजगारदाता कम्पनीले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | कामदार आफैंले | रु. १,५००/– कामदार आफैंले | नि:शुल्क | कामदार आफैंले | नि:शुल्क |

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस्। आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला। ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला। ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सोको १ (एक) प्रति आफूसग राख्नुहोला। ६) काममा विदेश जादा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे श्रम तथा रोजगार प्रवर्द्धन विभाग, वानेश्वरमा सम्पर्क राख्नुहोला।

अन्तरवार्ता मितिः २०८३/०६/२८ गते (2026 October 14)

**NAVAJEEVAN INTERNATIONAL PVT. LTD.** Lic. No.: 565/062/063
Tokha-11, Mahadevtar, Kathmandu, Nepal, Phone No.: 01-4954608, 9841160318

## कुवेतमा रोजगार

कम्पनी: B&S RESTAURANT MANAGEMENT & CATERING COMPANY शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८३/०६/२० चलानी नं.: ६०२६२१५६ L.T. No.: 349052

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | KITCHEN HELPER | 17 | 0 | स. काममा दक्ष | 120 | ५९८५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज २८ गते (14 October 2026) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**OMEGA POWER MINDS PVT.LTD.** Govt. Lic. No. 1178/073/074
Omnagar-9, Sinamangal, Kathmandu, Tel.: 01-4111316. Email:cv.omegapowerminds@gmail.com
Chudamani Katuwal Contact No : 9841546564



## निक्षेपउपर हकदावीगर्ने सम्बन्धी १५ दिने सूचना

तपसिलमा उल्लिखित यस बैंकका खातावालहरुको मृत्यु भएको हुँदा निजहरुको नाममा यस बैंकको शाखा कार्यालयहरुको खातामा रहेको रकम पाउँभनी मृतकका देहायकाहकवालाहरुले आवश्यक कागजात सहित यस बैंकका सम्बन्धित शाखामा निवेदन दिनुभएको हुँदा उक्तखातावालको नाममा रहेको निक्षेपमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिमको अग्र प्राथमिकतामा अन्य कुनै हकदार भएको भए त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र स-प्रमाण यस बैंकमा हकदावी गर्न यो सूचना प्रकाशित गरिएको छ। म्याद भित्र हकदावी गर्न नआएमा निवेदकको निवेदन बमोजिमभई जाने जानकारी गराइन्छ।

| सि. नं | मृतकखातावालको नाम | ठेगाना | खाता नं. | शाखा | मृत्यु भएको मिति | हकदाबीगर्ने/निवेदकको नाम, ठेगाना र (मृतकसंगको नाता) |
|---|---|---|---|---|---|---|
| १ | **रिक बाहादुर पुन फकामी**<br>बाबु : अम प्रसाद पुन फ.<br>आमा : बेली पुन फकामी | पर्वत जिल्ला, मोदी गाउँपालिका, वडा नं.०४, खुईजरी | बचत खाता नं. **०२७१००१७५०३९४९** | बागलुङ | **२०८३/०३/१६** | पर्वत जिल्ला, मोदी गाउंपालिका, वडा नं. ०४, खुईजरी बस्ने कौशिला पुन फकामी (श्रीमति) |
| २ | **जोगिन्द्र प्रसाद यादव**<br>बाबु : भागरासन राउत अहिर<br>बाजे : बल देव राउत | पर्सा जिल्लाः पकहाँ मैनपुर गाउँपालिका वडा नं ४ | बचत खाता नं. **०६१००१७५३९१४** | वीरगंज पावर हाउस चोक | **२०८३/०३/१५** | पर्सा जिल्ला, पकहाँ मैनपुर गाउँपालिका वडा नं ४ बस्ने श्रीमती प्रभावती देवी (श्रीमती) |
| ३ | **आनन्द प्रसाद श्रीवास्तव**<br>बाबु : केशव प्रसाद कायस्त<br>बाजे : कमला प्रसाद कायस्त | पर्सा जिल्ला, धोबिनी गा.वि.स वडा नं २ | बचत खाता नं. **००५१००१७५२६५४६** | विरगंज | **२०८३/०२/०६** | पर्सा जिल्ला, भिखमपुर गा.वि.स वडा नं.५ बस्ने शशि भुषन वर्मा (छोरा) |
| ४ | **जोगी राना थारु**<br>बाबु : सुर्जा राना थारु<br>बाजे : नन्नु राना थारु | गोदावरी न.पा वडा नं ०५, कैलाली। | बचत खाता नं. **११४१००१७५०४१३०** | अत्तरिया | **२०८३/०६/०६** | गोदावरी न.पा वडा नं ०५, कैलाली बस्ने चेत राज राना (छोरा) |
| ५ | **लाल बहादुर राना**<br>बाबु : रामलाल राना<br>बाजे : पल्टा राना | कन्चनपूर जिल्ला लालझाडि गाउँपालिका वडा नं. ०२ | चल्ती खाता नं. **२३१०१०१७५००२३८** | चान्देब | **२०८१/०४/०५** | कन्चनपूर जिल्ला, लालझाडि गाउँपालिका वडा नं. ०२ बस्ने सुकलाल राना (छोरा) |
| ६ | **जसोदा देवि पाण्डे**<br>बाबु : मेघलाल न्यौपाने<br>श्रीमान : कलाधर पाण्डे | अर्घाखांची जिल्ला छत्रदेव गा.पा. वडा नं. ६ | बचत खाता नं. **२१४१००१७५०१७५५** | छत्रगन्ज | **२०८३/०५/०४** | अर्घाखाचि जिल्ला,छत्रदेव गाउपालिका वडा न ६ बस्ने मधु सुधन पाण्डे नाता (छोरा) |
| ७ | **धनेस्वर महतो**<br>बाबु : गोपी महतो<br>बाजे : थाहा नभएको | धनुषा जिल्ला जनकपुरधाम उप महानगर पालिका वडा नं ०६ | बचत खाता नं. **१७४१००१७५०४१९७** | जनकपुर भानुचौक | **२०६७/०९/१३** | धनुषा जिल्ला, जनकपुरधाम उप महानगर पालिका वडा नं ०६ महाविर महतो (छोरा) |
| ८ | **छोकी शेर्पा**<br>पति : भद्र बहादुर रेग्मी मगर<br>ससुरा : तेज बहादुर रेग्मी | बारा जिल्ला, जितपुर सिमरा उपमहानगर पालिका वडा नं. १६ | बचत खाता नं. **२३१००१७५०९०२०** | हेटौडा | **२०८३/०३/२२** | बारा जिल्ला, जितपुर सिमरा उपमहानगर पालिका वडा नं. १६बस्ने भद्र बहादुर रेग्मी मगर (पति) |
| ९ | **सुर्य प्रसाद शर्मा**<br>बाबु : लक्ष्मी प्रसाद शर्मा<br>बाजे : डिलीराम पाण्डे | तिलोत्तमा ०२, शारदा स्कुल रुपन्देही जिल्ला।, तिलोत्तमा नगरपालिका वडा नं. ०२, शारदा स्कुल | बचत खाता नं. **१०१००१०१२६००१** | बुटवल | **२०८३/०३/२२** | रुपन्देही जिल्ला, तिलोत्तमा नगरपालीका ०२, शारदा स्कुल बस्ने सुमीत्रा पाण्डे (श्रीमती) |
| १० | **सुशिल प्रसाद निरौला**<br>बाबु : राम प्रसाद निरौला<br>बाजे : पदम लाल निरौला | मोरङ जिल्ला, सुन्दरहरैचा ४ (हाल :सुनसरी जिल्ला धरानं १२) | बचत खाता नं. **०९१००१७५१२६९७**<br>**००९०१०१७५०२१२५** | इटहरी | **२०८३/०४/२६** | मोरङ जिल्ला सुन्दरहरैचा ४ बस्ने अम्बिका दाहाल नाता :श्रीमती नगरीकता न २३११२१२३४ |
| ११ | **पुष्पा कुमारी सुब्बा राई**<br>बाबु : देउमान सुब्बा<br>बाजे : धन बाहादुर सुब्बा | पाटन ललितपुर जिल्ला, ललितपुर महानगर पालिका वडा नं १४ | बचत खाता नं. **०९१००१०२३६२०१** | इटहरी | **२०८०/०८/३०** | सुनसरी जिल्ला, इटहरीं उपमहानगरपालिका वडा नं १ बस्ने अशिम राई (आमा) |
| १२ | **भक्त कुमारी गुरुङ्ग**<br>बाबु : हर्क बहादु गुरुङ्ग<br>आमाः कृष्ण कुमारी गुरुङ्ग<br>श्रीमान : हिक्मत भन्ने हिक बहादुर गुरुङ्ग | बागमती प्रदेश, काठमाडौं जिल्ला काठमाडौं नगरपालिका वार्ड नं ७ | बचत खाता नं. **०३५१००१७५१६७३८** | चाबहिल | **२०८२/०५/१६** | बागमती प्रदेश, काठमाडौं जिल्ला काठमाडौं नगरपालिका वार्ड नं ७ हिक्मत भन्ने हिक बहादुर गुरुङ्ग (श्रीमान) |
| १३ | **रमेश मगर**<br>पत्नी : रमिता मगर<br>बाबु : कान्छो मगर<br>आमा : हिरा मगर | बागमती प्रदेश, मकवानपुर, जिल्ला हेटौंडा उपमहानगरपालिका वडा १५ | बचत खाता नं. **१४५१००१७५००८९१** | हेटौडा | **२०८३/०५/१२** | बागमती प्रदेश, मकवानपुर, जिल्ला हेटौंडा उपमहानगरपालिका वडा १५ बस्ने रमिता मगर (पत्नी) |
| १४ | **चौरसिया देवी तेलिन**<br>बाब : बिरजु साह<br>बाजे : जलधर साह | धनुषा जिल्ला, धनौजी गा पा वडा नं ०१ | बचत खाता नं. **२२३१००१७५०८८६४** | धनौजी | **२०८३/०३/१५** | धनुषा जिल्ला, धनौजी गा पा वडा नं ०१ बस्ने उत्तिम लाल तेली (पति) |
| १५ | **राजन गौतम**<br>बाबु : देवी प्रसाद गौतम<br>आमाः उमा देवी गौतम<br>श्रीमती : सरिता पौडेल | सुनसरी जिल्ला ईटहरी उप-महानगर पालिका वडा नं.०६ | बचत खाता नः **११९१००१७५०३८५३** | तरहरा | **२०८३/०५/०८** | सुनसरी जिल्ला ईटहरी उप-महानगरपालिका वडा नं.०६ बस्ने श्रीमती सरीता पौडेल |

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

# नेपाली वस्तु निर्यातमा छैन सहजता

**मध्यान्ह संवाददाता**
काठमाडौं, २० असोज

नेपालमा निर्यात क्षेत्रको सम्भावना धेरै गरेको देखिएको छ । नेपालबाट हुने वस्तु तथा सेवा निर्यातमा सरकारले सहजता र कच्चापदार्थ उत्पादनलाई प्राथमिकता दिन सके पाँच वर्षमा निर्यात ११२ प्रतिशतसम्म बढाउन सकिने अध्ययनले देखाएको छ । एसियाली विकास बैंक (एडिबी), नेपाल आर्थिक पत्रकार समाज (सेजन) र दक्षिण एसिया व्यापार, अर्थशास्त्र तथा वातावरणसम्बन्धी निगरानी संस्था (सावती)ले संयुक्त रूपमा सार्वजनिक गरेको 'नेपालको वस्तु तथा सेवा निर्यातका अवरोध र सहायक पक्षहरू' विषयक अध्ययन प्रतिवेदनले नेपालबाट निर्यातको सम्भावना रहेको देखाएको हो । तर अध्ययनले महँगो कर्जाका कारण नेपाली उत्पादनको लागत बढ्नुका साथै आयातित कच्चापदार्थ तथा उत्पादनका लागि आवश्यक सामग्रीमा लाग्ने करले नेपाली वस्तुलाई अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धी बन्न नसक्दा निर्यात असहजता समेत रहेको उल्लेख गरेको छ । कमजोर लजिस्टिक्स पूर्वाधार र उच्च ढुवानी लागत पनि निर्यातका प्रमुख अवरोध रहेको अध्ययनको निष्कर्ष छ ।

एडिबी नेपालका देशीय निर्देशक अर्नो काउस्वाले नेपाल उच्च आय भएको मुलुकमा रूपान्तरण हुन प्रतिस्पर्धी निर्यातमा आधारित विकास मोडलतर्फ अघि बढ्नुपर्नेमा जोड दिए । उनले नेपालको वस्तु निर्यात निरन्तर सुस्त रहेको उल्लेख गर्दै सन् २००० मा कुल गार्हस्थ उत्पादनको १५.४ प्रतिशत रहेको निर्यात हिस्सा सन् २०२५ मा घटेर ५ प्रतिशतमा सीमित भएको बताए ।



सावतीका वरिष्ठ अनुसन्धान अधिकृत क्षितिज दाहालले जलवायु परिवर्तन निर्यातका लागि प्रमुख जोखिमका रूपमा देखिएको बताए । सर्वेक्षणमा सहभागीहरूले जलवायु परिवर्तनले अलैंची र चियाजस्ता प्रमुख निर्यातजन्य वस्तुको उत्पादनमा असर पारेको बताएका थिए ।

सन् २०२२ देखि २०२४ सम्म नेपालको औसत वस्तु निर्यातको करिब ७१.९ प्रतिशत भारतमा हुने गरेको छ । यसको वार्षिक औसत मूल्य करिब ९५८.७ मिलियन अमेरिकी डलर थियो । संयुक्त राज्य अमेरिका र युरोपेली संघमा क्रमशः १०.७ प्रतिशत र ६.७ प्रतिशत निर्यात भएको थियो । लत्ताकपडा सबैभन्दा बढी निर्यात हुने वस्तुगत श्रेणीमा रहेको छ ।

अध्ययनका क्रममा ५० वटा फर्ममध्ये ३८ वटा निर्यातकर्ता थिए भने ४५ वटा फर्मले संरचनागत प्रश्नावली पूरा गरेका थिए । लगभग सबै फर्मले विभिन्न अवरोध सामना गरिरहेको बताएको अध्ययनले देखाएको हो । औसतमा ती अवरोध हटाउन सके पाँच वर्षमा अपेक्षाको तुलनामा निर्यात ११२ प्रतिशत विन्दुले बढ्न सक्ने फर्महरूको अनुमान छ । अध्ययनअनुसार वित्तीय स्रोतमा पहुँच प्रमुख चुनौतीका रूपमा देखिएको छ । सर्वेक्षणमा सहभागी करिब ८४ प्रतिशत फर्मले यसलाई अवरोधका रूपमा उल्लेख गरेका छन् भने ५४ प्रतिशतले ठुलो वा गम्भीर अवरोधका रूपमा मूल्यांकन गरेका छन् । ब्याजदर सबैभन्दा ठुलो समस्या रहेको छ भने त्यसपछि ब्याजदरमा हुने उतारचढाव र धितोसम्बन्धी आवश्यकता रहेका छन् । यसबाट साना तथा मझौला फर्म बढी प्रभावित छन् । आयातित वस्तु तथा उत्पादनका लागि आवश्यक सामग्रीमा लाग्ने कर अर्को प्रमुख समस्या रहेको छ । सर्वेक्षणमा सहभागी ४७ प्रतिशत फर्मले यसलाई ठुलो वा गम्भीर अवरोधका रूपमा मूल्यांकन गरेका छन् ।

सूचना प्रविधि क्षेत्रका सम्बन्धमा अध्ययनले डिजिटल माध्यमबाट प्रदान गरिने सेवाको विश्वव्यापी माग बढिरहेको उल्लेख गरेको छ । सन् २०२२ मा नेपालको आइटी सेवा निर्यातबाट करिब ५११५ मिलियन अमेरिकी डलर आम्दानी भएको अनुमान गरिएको छ, जुन अघिल्लो वर्षको तुलनामा ६४.२ प्रतिशत बढी हो । यद्यपि, डाटा संरक्षण, साइबर सुरक्षा र बौद्धिक सम्पत्ति अधिकारसम्बन्धी कमी, समग्र आइटी निर्यात नीतिको अभाव, सफ्टवेयरजस्ता सामग्रीका लागि आवश्यक विदेशी मुद्रा प्राप्त गर्न कठिनाइ, कमजोर डिजिटल पूर्वाधार तथा दक्ष जनशक्तिको अभावलाई चुनौतीका रूपमा पहिचान गरिएको छ । दक्ष जनशक्तिको बढ्दो उपलब्धता, तुलनात्मक रूपमा कम ज्याला तथा डायस्पोरासँगको सम्बन्धलाई यस क्षेत्रका प्रमुख सकारात्मक पक्षका रूपमा उल्लेख गरिएको छ ।

यस्तै, 'नेपालको वस्तु तथा सेवा निर्यात, वस्तु व्यापार, आइटी सेवा तथा पर्यटनमा रहेका अवरोध सम्बोधन तथा अवसरको सदुपयोग' विषयमा समूहगत छलफलमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव हुमकला पाण्डेले सरकारले निर्यातलाई प्रोत्साहन हुनेगरी नयाँ कार्यविधि लागू गरेको बताइन् । उनले सरकारले सेवा व्यापारसम्बन्धी राष्ट्रिय रणनीतिका रूपमा 'नेपाल एकीकृत व्यापार रणनीति २०८१,' छुर्पी, गलैंचा र अदुवाजस्ता विशिष्ट उत्पादनका लागि नयाँ निर्यात रणनीति तथा उत्पादनमा आधारित प्रोत्साहनलाई सघाउने गरी निर्यात नीतिअन्तर्गत नयाँ कार्यविधि तर्जुमा गरी लागू गरेको बताइन् ।

नेपाल राष्ट्र बैंकका उपनिर्देशक विष्णु सुवेदीले मूल्य शृंखलामा रहेका उत्पादकदेखि निर्यातकसम्मलाई सहुलियतपूर्ण कर्जामार्फत निर्यात सहज बनाउन लागिएको बताए । एडिबीका प्रमुख अर्थशास्त्री यान ह्यान्सनले नेपाली व्यवसायीहरूले अन्तर्राष्ट्रिय खरिदकर्तासँग प्रत्यक्ष रूपमा जोडिन तथा विदेशी गुणस्तर मापदण्ड पालना गरेको प्रमाणित गर्न कठिनाइ भोगिरहेको बताए ।

# जगदम्बा मोटर्सलाई दुई अन्तर्राष्ट्रिय सम्मान

**काठमाडौं/मस-** टिभिएस मोटरको आधिकारिक वितरक तथा शंकर ग्रुपअन्तर्गतको जगदम्बा मोटर्सले दुबई, युएईस्थित ताज रिसोर्ट, पाम जुमेराहमा सम्पन्न टिभिएस मोटर कम्पनीको आफ्टर-सेल्स सम्मेलनमा दुई प्रतिष्ठित अन्तर्राष्ट्रिय सम्मान प्राप्त गरेको छ । उक्त सम्मेलनमा टिभिएस मोटरका विभिन्न देशका अन्तर्राष्ट्रिय वितरकहरूको सहभागिता रहेको थियो ।

सम्मेलनमा 'बियोन्ड बोर्डर्स'ले जगदम्बा मोटर्सलाई 'ओभरअल सर्भिस बेस्ट पर्फर्मेन्स' र 'बेस्ट म्यानुफ्याक्चरिङ युनिट-एसिया' गरी दुई अवार्ड प्रदान गरेको हो । यससँगै विभिन्न देशका वितरकहरूको सहभागिता रहेको विश्वव्यापी मञ्चमा नेपालको नामसमेत सम्मानित भएको छ । जगदम्बा मोटर्सको वर्कसप, दक्ष तथा तालिमप्राप्त प्राविधिक, वास्तविक स्पेयर पार्ट्सको उपलब्धता तथा ग्राहक सेवासहितको सम्पूर्ण सर्भिस नेटवक टिभिएस परिवारअन्तर्गत



विश्वकै उत्कृष्टमध्ये एक रहेको पुष्टि गरेको छ । नेपाली टिभिएस प्रयोगकर्ताका लागि यो सम्मानले उनीहरूले नेपालमै प्राप्त गर्ने सेवाको स्तर टिभिएस सञ्चालनमा रहेका अन्य देशको विश्वस्तरीय सेवासरह रहेको प्रमाणित गर्छ ।

यस उपलब्धिबारे जगदम्बा मोटर्सकी निर्देशक दीपा अग्रवालले भनिन्, 'यो सम्मान बर्सौंदेखि हामीमाथि विश्वास गर्दै आएका हाम्रा ग्राहक र त्यो विश्वास कायम राख्न हरेक दिन मिहिनेत गर्ने हाम्रो सेवा टोलीको उपलब्धि हो ।

'ओभरअल सर्भिस बेस्ट पर्फर्मेन्स' अवार्ड प्राप्त हुनु भनेको नेपाली ग्राहकले आफ्नै देशमा विश्वस्तरीय सेवा पाइरहेका छन् भन्ने प्रमाण हो । टिभिएस सवारीसाधन प्रयोग गर्ने जो-कोही ग्राहकले आफू उत्कृष्ट सेवाको हातमा रहेकोमा पूर्ण रूपमा विश्वस्त हुन सक्नुहुन्छ ।' जगदम्बा मोटर्स नेपालका प्रतिष्ठित व्यावसायिक घरानामध्ये एक शंकर ग्रुपको हिस्सा हो । शंकर ग्रुप गुणस्तर, इमानदारी र दीर्घकालीन ग्राहक सम्बन्धप्रतिको प्रतिबद्धताका लागि परिचित छ । ग्रुपका यिनै मूल्य-मान्यताले जगदम्बा मोटर्सको सेवा मापदण्डलाई समेत निरन्तर मार्गदर्शन गर्दै आएका छन् । जगदम्बा मोटर्सले दक्ष तथा तालिमप्राप्त प्राविधिक, वास्तविक स्पेयर पार्ट्स, पारदर्शी सेवा र देशभरको नेटवर्कमार्फत छिटो तथा प्रभावकारी ग्राहक सेवाका माध्यमबाट यी उच्च सेवा मापदण्डलाई निरन्तर कायम राख्ने प्रतिबद्धता जनाएको छ ।

# पोखरा फाइनान्सका ग्राहकलाई स्काइवाकमा १५ प्रतिशत छुट

**काठमाडौं/मस-** पोखरा फाइनान्स लिमिटेडका ग्राहकले कमलादी-२८, काठमाडौंस्थित स्काइवाकमा टिकट खरिद गर्दा १५ प्रतिशत छुट पाउने भएका छन् ।

पोखरा फाइनान्स र वान्डर्स नेपाल प्रालिअन्तर्गतको स्काइवाकबीच ग्राहक सुविधा विस्तारसम्बन्धी सम्झौता भएको हो । सम्झौताअनुसार पोखरा फाइनान्सका ग्राहकले स्काइवाकको टिकट खरिद गर्दा १५ प्रतिशत छुट प्राप्त गर्न सक्नेछन् ।



ग्राहकलाई थप सुविधा तथा लाभ उपलब्ध गराउने उद्देश्यले गरिएको उक्त सहकार्यबाट पोखरा फाइनान्सका ग्राहक प्रत्यक्ष रूपमा लाभान्वित हुने विश्वास फाइनान्सले व्यक्त गरेको छ ।

पोखरा फाइनान्सले हाल ३८ वटा शाखामार्फत नगद कारोबार, आरटिजिएस, आइपिएस, कनेक्ट आइपिएस, रेमिट्यान्स, क्लियरिङ, सिआइएसलगायत बैंकिङ सेवा प्रदान गर्दै आएको जनाएको छ । साथै, फाइनान्सले मोबाइल बैंकिङ, डेबिट कार्ड, क्युआर कोडलगायत डिजिटल बैंकिङ सुविधा पनि उपलब्ध गराउँदै आएको छ ।

# एनसेल ग्राहकलाई ट्रान्क्विलिटी स्पामा विशेष छुट




**काठमाडौं/मस-** एनसेलका ग्राहकहरूले अब ट्रान्क्विलिटी स्पामा स्पा तथा सौन्दर्य सेवाहरूमा बाई वान गेट वान अफर र विशेष छुटहरूको लाभ लिन सक्ने भएका छन् । एनसेल र ट्रान्क्विलिटी स्पाबीचको यो साझेदारीसँगै यी योजना सार्वजनिक गरिएका हुन् । साझेदारीअन्तर्गत, ४९९ रुपैयाँ वा सोभन्दा बढी मूल्यको प्रिपेड प्याक वा पोस्टपेड प्लान खरिद गर्ने ग्राहकहरूले सिग्नेचर मसाज, बडी स्क्रब, शिरोधारा र प्रिमियम केयर फेसियलमा बाई वान गेट वान अफर पाउनेछन् ।

यसले दुईजनालाई एकको मूल्यमा सेवा उपभोग गर्ने सुविधा उपलब्ध गराउँछ । एक्लै सेवा लिने ग्राहकहरूले स्पा सेवामा २५ प्रतिशत र ब्युटी सेवामा २० प्रतिशत छुट पाउनेछन् । यी लाभहरू नेपाली नागरिकका लागि मात्र उपलब्ध छन् । ९९ देखि ४९९ रुपैयाँभन्दा कम मूल्यका प्याक वा प्लान उपभोग गर्ने ग्राहकले पनि विशेष लाभ पाउन सक्नेछन् । युवा तथा अन्य ग्राहकले स्पा सेवामा एकमुस्ट २० प्रतिशत छुट पाउनेछन् भने पर्यटकले १० प्रतिशत छुट पाउनेछन् । यो साझेदारी सम्झौता हालै मात्र एक कार्यक्रमबीच एनसेलका प्रोडक्ट्स डाइरेक्टर ललित शारडा र ट्रान्क्विलिटी स्पाका चिफ अपरेटिङ अफिसर रनिल फैजुले आदानप्रदान गरेका थिए । अफरको लाभ लिन ग्राहकले एनसेल एप खोली पार्टनर्ड सर्भिसहरूमा गई ट्रान्क्विलिटी स्पा चयन गरी आधिकारिक आउटलेटमा रिडिम गर्न सक्नेछन् । साझेदारीबारे टिप्पणी गर्दै एनसेलका चिफ कन्ज्युमर बिजनेस अफिसर उपांग दत्ताले भने, 'हाम्रो ध्यान कनेक्टिभिटीमा मात्र सीमित नभई ग्राहकका लागि अर्थपूर्ण मूल्य सिर्जना गर्नमा केन्द्रित छ । वेलनेस अनुभवलाई एनसेलको इकोसिस्टममा ल्याएर लाभहरूलाई थप सान्दर्भिक र पहुँचयोग्य बनाउने लक्ष्य हामीले राखेका छौं । यो साझेदारीले ग्राहक संलग्नता बढाउने र एनसेललाई ग्राहकको जीवनको अभिन्न अंग बनाउने हाम्रो प्रतिबद्धता प्रतिविम्बित गर्दछ ।'

# ग्लोबल आइएमई बैंकको डिसिइओमा रेग्मी, एसिइओमा अकेला



**काठमाडौं/मस-** ग्लोबल आइएमई बैंक लिमिटेडको नायब प्रमुख कार्यकारी अधिकृत (डिसिइओ) पदमा दीपचन्द्र रेग्मी बढुवा भएका छन् । बैंक सञ्चालक समितिको बैठकले रेग्मीलाई डिसिइओमा बढुवा गरेको हो । नवनियुक्त नायब प्रमुख कार्यकारी अधिकृत रेग्मी बैंकको सहायक प्रमुख कार्यकारी अधिकृतका रूपमा कार्यरत थिए । सन् २००७ मा स्ट्यान्डर्ड चार्टर्ड बैंक नेपालबाट बैंकिङ करिअर सुरु गरेका रेग्मी सन् २००९ देखि ग्लोबल आइएमई बैंकमा आबद्ध छन् । उनले बैंकको प्रमुख वित्तीय अधिकृत (सिएफओ), प्रमुख मानव संसाधन अधिकृत (सिएचआरओ), प्रमुख कर्जा अधिकृत (सिएलओ) तथा ट्रेड फाइनान्स प्रमुखको जिम्मेवारी सम्हालिसकेका छन् । रेग्मी बैंकको सहायक कम्पनी ग्लोबल आइएमई क्यापिटल लिमिटेडको सञ्चालक समिति अध्यक्षसमेत हुन् । रेग्मीले थाइल्यान्डको एसियन इन्स्टिच्युट अफ टेक्नोलोजी (एआइटी) तथा डेनमार्कको कोपेनहेगन बिजनेस स्कुलबाट बिजनेस एडमिनिस्ट्रेसनमा एमबिए गरेका छन् ।

त्यस्तै, ग्लोबल आइएमई बैंकको सहायक प्रमुख कार्यकारी अधिकृत (एसिइओ) पदमा बुद्धि अकेला बढुवा भएका छन् । उनी हाल बैंकको नायब महाप्रबन्धक पदमा कार्यरत थिए । बैंकिङ क्षेत्रमा २२ वर्षभन्दा लामो अनुभव बटुलेका अकेलाले सन् २००४ मा नेपाल बैंक लिमिटेडबाट नायब प्रबन्धकका रूपमा बैंकिङ करिअर सुरु गरेका थिए । उनी सन् २००६ देखि ग्लोबल आइएमई बैंकमा निरन्तर आबद्ध छन् । आफ्नो लामो बैंकिङ यात्राका क्रममा उनले एकीकृत जोखिम व्यवस्थापन, व्यवसाय विस्तार, शाखा सञ्चालन, कर्जा प्रशासन तथा आन्तरिक लेखापरीक्षणजस्ता प्रमुख विभागमा कुशलतापूर्वक जिम्मेवारी सम्हालिसकेका छन् । हाल उनी बैंकको प्रमुख जोखिम अधिकृत (सिआरओ)को जिम्मेवारीमा कार्यरत थिए । यसका साथै, अकेला बैंकको सहायक कम्पनी ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लिमिटेडको सञ्चालक समिति अध्यक्षसमेत हुन् । उनले पोखरा विश्वविद्यालयबाट व्यवसाय प्रशासनमा स्नातकोत्तर (एमबिए) गरेका छन् ।

अकेलाको लामो अनुभव, जोखिम व्यवस्थापन तथा समग्र कार्यसञ्चालन दक्षताले आगामी दिनमा बैंकको सेवा प्रवाहलाई थप प्रभावकारी, सुरक्षित र गुणस्तरीय बनाउन महत्त्वपूर्ण योगदान पुग्ने विश्वास बैंकले लिएको छ ।

# हिमपर्वत हाइड्रोको बिक्री प्रबन्धकमा सिटिजन्स क्यापिटल

**काठमाडौं/मस-** सिटिजन्स क्यापिटल लिमिटेडको आइपिओ निष्कासन तथा बिक्री प्रबन्धकमा हिमपर्वत हाइड्रोपावर लिमिटेड नियुक्त भएको छ । उक्त कम्पनीको १०० रुपैयाँ अंकित दरको ५९ लाख १५ हजार कित्ता सेयरले हुने ५९ करोड १५ लाख रुपैयाँबराबरको प्रारम्भिक सार्वजनिक निष्कासनको लागि नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरेको छ ।

Citizens Capital Ltd.

विगत केही महिनादेखिकै पहिलो साधरण सेयर निष्कासनको अनुमति बिक्री प्रबन्धक सिटिजन्स क्यापिटल लिमिटेडले प्राप्त गरेको छ ।

यसपश्चात् सिटिजन्स क्यापिटल लिमिटेडमार्फत हिमपर्वत हाइड्रोपावर लिमिटेडले आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दा, नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपाली, सामूहिक लगानी कोष, संस्थाका कर्मचारी तथा सर्वसाधारणमा सेयर निष्कासन गर्नेछ ।


## Marsyangdi Rural Municipality
## Office of the Rural Municipal Executive
**Bhulbhule, Lamjung**
**Gandaki Province, Nepal**

## Invitation for Bids/Sealed Quotation(Hard Copy)

**(First Date of Publication: 07th October 2026(2083-06-21)**

1. The Marsyangdi Rural Municipality invites **Bids and Sealed Quotation (Hard Copy Only)** from bidder from eligible bidders for the following projects under National Competitive Bidding procedures mentioned in the table below.

| Contract ID | Description of Work | Estimated Amount Without VAT & Contingency and with PS (NRs.) | Bid Security Amount/ Validity | Bid Validity Period | Bid Document Fee |
|---|---|---|---|---|---|
| 01/MRM/ ROAD/2083-84 | Upgrading of Bhulbhule-Simalchaur-Bhusme-Ringtang Road, Marsyangdi-08, Lamjung | 86,31,955.37 | 250000/ 120 Days | 90 days | 3000 |
| 02/MRM/ UPG/2083-84 | Upgrading of Marsyangdi 10 Bedded Hospital, Marsyangdi-07, Lamjung | 43,18,869.50 | 125000/ 120 days | 90 days | 3000 |
| 03/MRM/ NCB/2083-84 | Construction of Marsyangdi Children's Park and Open-Air Gymnasium, Marsyangdi-03, Lamjung | 43,20,117.99 | 125000/ 120 days | 90 days | 3000 |
| 04/MRM/ SQ/2083-84 | Procurement and Supplying of Medicines and Surgical Items up to MarsyangdiRural Municipality | 24,21,991.11 (Including Vat and Non-Vatable Items) | 65000/ 75 Days | 45 Days | 1000 |

| Details | For Sealed Bids | For Sealed Quotation |
|---|---|---|
| Last Date of Bid Document Purchase | **2083-07-11 (28th October 2026) till 17:00** | **2083-06-27 (13rd October 2026) till 17:00** |
| Deadline for Bid Submission | **2083-07-12 (29th October 2026) till 12:00 Noon** | **2083-06-28 (14th October 2026) till 12:00 Noon** |
| Date Time and Location for Bid Opening | **2083-07-12 (29th October 2026) 13:00 at Office Premises** | **2083-06-28 (14th October 2026) 13:00 at Office Premises** |
| Account Details for Bid Document | Name of the bank: Himalayan Bank Limited, Bhulbhule, Name of Office: Marsyangdi Rural Municipality, BhulbhuleLamjung, Office Account Number: 12056351950014 Office Code no. :MARSYANGDI GA-1-1 ANTARIK RAJASWO | |
| Account Details for Bid Security Deposit | Name of the bank: Himalayan Bank Limited, Bhulbhule, Name of Office: Marsyangdi Rural Municipality, BhulbhuleLamjung, Office Account Number: 12056351950146 Office Code no. :MARSYANGDI GA-3 STHA.TATHA DHA.KHATA | |

2. Eligible Bidders may obtain further information at the office of Marsyangdi Rural Municipality or may contact **9856079335** and inspect or may also download the bidding documents by visiting official website https://marsyangdimun.gov.np/
3. Sealed must be submitted to the office of Marsyangdi Rural Municipality, Bhulbhule, Lamjung by hand/courier within above mentioned date. Bids received after this deadline will be rejected.
4. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
5. Matters not covered here will be as per Public Procurement Act, 2063, Public Procurement Regulations, 2064, subsequent ordinances and latest amendments. Office reserves the right to accept or reject wholly or partially any or all the bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**


प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: भगवतीबहाल, नक्साल, काठमाडौं, फोन: **०१–५३२६३६६, ०१–५३२८२९८**, ई-मेल: **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादक: **मदनकुमार श्रेष्ठ** सम्पादक: **जनक नेपाल**